नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

हामी राजनीतिक संस्कार बदल्न आएका हौँ: डा वाग्ले

पृष्ठ ५ मा



वर्ष ४ | अंक २१४ | २०८३ साल असार ०८ गते सोमबार | Monday 22, June 2026 | सूर्योदय: बिहान ०५:१२ बजे | सूर्यास्त: साँझ ०७:०२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## पाँच वर्षमै सबै प्रतिबद्धता पूरा गर्छौं,

# अर्को चुनावमा नयाँ एजेन्डासहित जान्छौं: प्रधानमन्त्री




**मधेशदृष्टि**
**चितवन।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम महाधिवेशन उद्घाटन गर्दै प्रधानमन्त्री तथा पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहले वर्तमान सरकार मुलुकलाई सही दिशामा अघि बढाउन पूर्ण रूपमा प्रतिबद्ध रहेको बताएका छन् । उनले आगामी पाँच वर्षभित्र जनतासँग गरिएका सबै वाचा र प्रतिबद्धता पूरा गरिने दाबी गर्दै अर्को निर्वाचनमा नयाँ एजेन्डा र नयाँ उपलब्धिसहित जनतामाझ जाने घोषणा गरेका छन्।

महाधिवेशन उद्घाटनका क्रममा सम्बोधन गर्दै प्रधानमन्त्री शाहले मुलुक अपेक्षा गरिएजस्तो ट्र्याकबाहिर नरहेको बरु सही मार्गमै अघि बढिरहेको जिकिर गरे । उनले नागरिकको आकांक्षा र राष्ट्रको दीर्घकालीन लक्ष्य पूरा गर्न संविधान, कानुन र लोकतान्त्रिक मूल्य–मान्यताको दायराभित्र रहेर सरकार र पार्टीले काम गरिरहेको बताए।

'हामीले जनतासँग गरेका प्रतिबद्धता पूरा गर्न कुनै कसर बाँकी राख्ने छैनौं । पाँच वर्षको कार्यकालभित्र हाम्रो घोषणा र योजनाहरूलाई व्यवहारमा उतार्नेछौं,' प्रधानमन्त्री शाहले भने, 'अर्को चुनावमा पुराना वाचाहरू दोहो¥याएर होइन, पूरा गरिएका काम र नयाँ एजेन्डासहित जनतामाझ जाने हाम्रो लक्ष्य छ।' उनले सरकारको सफलता केवल नेतृत्वमा नभई संगठनको एकतामा पनि निर्भर रहने उल्लेख गर्दै पार्टीभित्र गुट–उपगुट निर्माण गर्ने प्रवृत्तिबाट टाढा रहन नेता तथा कार्यकर्तालाई निर्देशन दिए। पार्टी बलियो भए मात्रै जनताको विश्वास अझ मजबुत बन्ने भन्दै

*बाँकी पृष्ठ २ मा*

## धोबिनी गापाका प्रप्रअ 'गायब' ?

# सेवा प्रवाह प्रभावित भएको स्थानीयको गुनासो



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको धोबिनी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको नियमित अनुपस्थितिका कारण सेवा प्रवाह प्रभावित भएको भन्दै स्थानीय तहभित्र असन्तुष्टि बढ्न थालेको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद खनिवडाको कार्यालयमा उपस्थिति न्यून रहेको र सर्वसाधारणले आवश्यक सेवा लिन खोज्दा पटक–पटक निराश हुनुपरेको गुनासो सार्वजनिक हुन थालेको हो।

सामाजिक सञ्जालमा सार्वजनिक भएको एक पोस्टमार्फत गाउँपालिकाका जनप्रतिनिधिहरूले समेत यस विषयमा चासो नदेखाएको आरोप लगाइएको छ । पोस्टमा 'धोबिनी गाउँपालिकाको हाकिम हराएको सूचना' शीर्षक राख्दै गाउँपालिकामा लामो समयदेखि गाउँसभा समेत नियमित रूपमा हुन नसकेको दाबी गरिएको छ। यद्यपि उक्त दाबीको आधिकारिक पुष्टि हुन बाँकी छ। स्थानीय स्रोतका अनुसार गाउँपालिकाको प्रशासनिक नेतृत्व सम्हाल्ने प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा नियमित उपस्थित नहुँदा दैनिक प्रशासनिक कामकाज, योजना कार्यान्वयन, सिफारिस तथा विभिन्न विकास निर्माणसँग सम्बन्धित फाइलहरू प्रभावित हुने गरेका छन् । सेवाग्राहीहरू सामान्य कामका लागि समेत पटक–पटक गाउँपालिका धाउन बाध्य भएको गुनासो सुनिन्छ।

सामाजिक सञ्जालमा सार्वजनिक गरिएको विवरणमा प्रमुख प्रशासकीय अधिकृत खनिवडा कहिलेकाहीँ मात्रै कार्यालय आउने गरेको, कार्यालयमा भेट्न कठिन हुने गरेको तथा फोन सम्पर्क समेत सहज रूपमा नहुने आरोप लगाइएको छ । यस्ता आरोपहरू सार्वजनिक भएसँगै गाउँपालिकाको प्रशासनिक कार्यसम्पादनमाथि प्रश्न उठ्न थालेको छ।

स्थानीयवासीहरूका अनुसार जनप्रतिनिधि र प्रशासनबीच प्रभावकारी समन्वयको अभाव देखिँदा गाउँपालिकाको समग्र सेवा प्रणाली कमजोर बन्दै गएको छ । नागरिकले समयमै सेवा नपाउँदा स्थानीय सरकारप्रतिको विश्वाससमेत घट्न सक्ने चिन्ता व्यक्त गरिएको छ।

स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतलाई प्रशासनिक मेरुदण्डका रूपमा हेरिन्छ । कर्मचारी व्यवस्थापनदेखि बजेट कार्यान्वयन, योजना सञ्चालन तथा निर्णय कार्यान्वयनसम्मका अधिकांश जिम्मेवारी उनकै नेतृत्वमा सम्पन्न हुने भएकाले उनको नियमित उपस्थितिलाई अत्यन्त महत्वपूर्ण मानिन्छ। यस्तो अवस्थामा प्रमुख प्रशासकीय अधिकृतको भूमिकामाथि प्रश्न उठ्नु आफैंमा गम्भीर विषय भएको सरोकारवालाहरू बताउँछन्।

यस विषयमा प्रमुख प्रशासकीय अधिकृतसँग बुझ्न पटक पटक फोन गर्दा उनको मोबाइलको स्वीच अफ गरिएको छ । सार्वजनिक रूपमा उठेका आरोपहरूको सत्यतथ्य छानबिन गरी वास्तविक अवस्था नागरिकसमक्ष ल्याउनुपर्ने माग समेत स्थानीयस्तरमा बढ्दै गएको छ। यदि आरोपहरू सत्य प्रमाणित भए सम्बन्धित निकायले आवश्यक कदम चाल्नुपर्ने आवाज उठ्न थालेको छ।

## मधेशको अधिकांश जिल्ला अधिवेशनबिनै रास्वपाको महाधिवेशन,

# पार्टी प्रवक्ता मनिष झाको भूमिकामाथि प्रश्न !

**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम केन्द्रीय महाधिवेशन चितवनको भरतपुरमा जारी रहँदा मधेश प्रदेश भने संगठनात्मक विवादका कारण चर्चाको केन्द्रमा परेको छ। देशभर वडा, पालिका र जिल्ला अधिवेशन सम्पन्न भएर महाधिवेशन प्रतिनिधि छनोट भइरहँदा मधेशका अधिकांश जिल्लामा अधिवेशन प्रक्रिया विवादमा फसेपछि जिल्ला र प्रदेश तहबाट निर्वाचित प्रतिनिधिहरू महाधिवेशनमा सहभागी हुन सकेनन्।

रास्वपाले देशभर ४ हजार ३६३ वडा, ६०९ पालिका र ६४ जिल्लाको अधिवेशन सम्पन्न गरेको जनाएको छ । तर मधेश प्रदेशमा भने पर्साबाहेक अन्य जिल्लाको अधिवेशन प्रक्रिया विवादका कारण प्रभावित बन्यो । दुई पक्षबीचको विवाद, झडप तथा तोडफोडका घटना भएपछि निर्वाचन आयोगले मधेशका जिल्ला तथा प्रदेश अधिवेशन स्थगित गरेको थियो।

महाधिवेशनअघि पार्टी सभापति रवि लामिछानेले मधेश प्रदेशबाट निर्वाचित सांसदहरूसँग सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा छलफल गरेका थिए। छलफलमा सहभागी नेताहरूले मधेशमा उत्पन्न संगठनात्मक संकट, प्रदेश नेतृत्वको भूमिका तथा सांसदहरूको हस्तक्षेपबारे गुनासो गरेका थिए। पार्टीभित्र मधेश प्रदेश सभापति तपेश्वर यादवको कार्यशैलीमाथि प्रश्न उठाइएको छ। केही नेताहरूले संगठन विस्तारमा सक्रिय कार्यकर्तालाई पाखा लगाइएको, अधिवेशन प्रक्रियामा हस्तक्षेप भएको तथा गुटगत राजनीति बढेको आरोप लगाएका छन्।

त्यसैगरी, पार्टीका केन्द्रीय प्रवक्ता तथा धनुषा–३ बाट निर्वाचित सांसद मनिष झाको भूमिकालाई लिएर पनि मधेशमा लामो समयदेखि विवाद रहँदै आएको छ। मधेशका केही जिल्ला नेताहरूले झाले संगठनलाई एकताबद्ध बनाउनुको सट्टा गुटगत राजनीति मौलाउन दिएको आरोप लगाएका छन्।

स्रोतका अनुसार २०८० सालमै मधेशका जिल्ला संयोजक तथा उपसंयोजकहरूको बैठकले मनिष झालाई 'राइट टु रिकल' प्रक्रियामार्फत सांसद पदबाट फिर्ता बोलाउने प्रस्तावसमेत पारित गरेको थियो। वीरगञ्जमा भएको उक्त बैठकमा सहभागी अधिकांश जिल्ला प्रतिनिधिहरूले झाको कार्यशैलीप्रति असन्तुष्टि जनाएका थिए।

मधेशका नेताहरूका अनुसार धनुषा, महोत्तरी, रौतहट, बारा, सिरहा लगायत

*बाँकी पृष्ठ २ मा*

## मनसुन भित्रिएपनि वर्षा भएन,

# मधेशमा अत्यधिक गर्मीले जनजीवन कष्टकर



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालमा मनसुन प्रवेश गरिसकेको भएपनि मधेश प्रदेशका अधिकांश जिल्लामा पर्याप्त वर्षा हुन नसक्दा अत्यधिक गर्मीले जनजीवन कष्टकर बन्दै गएको छ । पछिल्ला केही दिनयता तापक्रम ३५ डिग्री सेल्सियसभन्दा माथि पुग्दा सर्वसाधारणलाई घरबाहिर निस्कनसमेत कठिन हुन थालेको छ।


सामान्यतः मनसुनसँगै तापक्रम घट्ने र मौसममा केही राहत महसुस हुने अपेक्षा गरिए पनि मधेशमा पर्याप्त वर्षा नहुँदा चर्को घाम र तातो हावाको प्रभाव कायम रहेको छ । यसले दैनिक जनजीवन मात्र होइन, स्वास्थ्य, रोजगारी तथा व्यापार–व्यवसायसमेत प्रभावित बनाएको छ।

चर्को गर्मीका कारण सबैभन्दा बढी असर दैनिक ज्यालादारी गरेर जीवन निर्वाह गर्ने मजदुर, किसान, सवारी चालक, ठेला व्यवसायी तथा साना व्यापारीहरूमा परेको छ । तापक्रम उच्च हुँदा पनि जीविकोपार्जनका लागि उनीहरू जोखिम मोलेर काम गर्न बाध्य छन्। गर्मी बढेसँगै बजार क्षेत्रमा चहलपहल घटेको छ भने विद्यालय, स्वास्थ्य संस्था तथा सरकारी कार्यालयहरूमा समेत यसको प्रभाव देखिन थालेको छ । दिउँसोको समयमा सडकहरू सुनसान देखिन थालेका छन्।

अत्यधिक गर्मीका कारण लु लाग्ने, टाउको दुख्ने, शरीरमा पानीको कमी हुने, झाडापखाला, ज्वरो तथा अन्य गर्मीजन्य रोगका बिरामीको सङ्ख्या बढ्दै गएको स्वास्थ्यकर्मीहरू बताउँछन् । गर्मीसँगै सर्पदंशका घटनासमेत बढ्न थालेका छन् । प्रादेशिक अस्पताल जनकपुरधाममा दैनिक चारदेखि पाँच जनासम्म सर्पदंशका बिरामी उपचारका लागि आउने गरेको अस्पताल स्रोतले जनाएको छ । नगराइन नगरपालिका–५का काली मण्डलका अनुसार गाउँघरमा अत्यधिक गर्मीका कारण सर्पहरू बासस्थानबाट बाहिर निस्कने क्रम बढ्दा सर्पदंशको जोखिम पनि बढेको छ।

मधेश प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार जनकपुरधाम, वीरगञ्ज, जलेश्वर, राजविराज तथा सिराहालगायतका

*बाँकी पृष्ठ ३ मा*






# गैर बैकिंग अचल सम्पत्ति शिलबन्दि लिलाम बिक्री सम्बन्धी पुनःसात दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । विभिन्न मितिमा १५ दिने तथा ७ दिने **गैर बैकिंग अचल सम्पत्तिको रुपमा रहेको घरजग्गाहरु शिलबन्दि लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित गर्दा समेत बिक्री नभएकोले ,** निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

**तपसिल**

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६<br>(हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१<br>(०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४<br>(हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| वि.उ.म.न.पा. वडा नं. १५,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं.१२) | २३ | ३२१.६० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |
| बनकटवा ०५,पर्सा | २२७ | ०-८-१०-० |
| बनकटवा ०५,पर्सा | २२१ | ०-६-१०-० |
| बनकटवा ०५ ,पर्सा | ६९ | ०-४-६-८ |
| बनकटवा ०५ ,पर्सा | १११ | ०-०-९-१२.५ |
| बनकटवा ०५ ,पर्सा | १०८ | ०-१-१७-८ |
| वीरगंज १५ ,पर्सा | २२०<br>२०० | ०००८०.८०<br>०००८८.५० |
| पोखरिया वडा नं ०९,पर्सा | ९३ | १२७० व.मि. |
| बसन्तपुर वडा नं ०६,पर्सा | २३५ | ०-०-७-४ |
| बसन्तपुर वडा नं. ०६,पर्सा | ४८९ | ०-२-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | २११ | ०-४-०-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | ६२६ | ०-२-२-८ |
| सखुवाप्रसौनी ०१,पर्सा | ३२ | २१२०.०० |
| धोरे ०२,पर्सा | ८१<br>११६<br>११८<br>१५० | ०-१-२-८<br>०-०-१०-०<br>०-०-५-०<br>०-०-७-८ |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५(पैतिस) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ असार १४ गते आइतबार दिउँसो ४:०० बजे सम्म**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ असार १५ गते सोमबार दिउँसो ४:०० बजे देखि (८ औ दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन)**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर),बर्दिबास(महोत्तरी) ,बरहथवा (सर्लाही) ।

# ऐलानी जग्गा खाली गर्न अध्यक्ष गुप्ताको चेतावनी




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोजकुमार गुप्ताले गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक (एलानी) जग्गा अतिक्रमण गरी कब्जा गरेर बसेका व्यक्तिहरूलाई तत्काल जग्गा खाली गर्न कडा चेतावनी दिएका छन्।

विशेष अदालतबाट सफाइ पाएपछि सार्वजनिक सम्पत्ति संरक्षण अभियानलाई थप तीव्र बनाएका अध्यक्ष गुप्ताले सामाजिक सञ्जालमार्फत अतिक्रमणकारीहरूलाई अन्तिम सूचना जारी गरेका हुन् । उनले गाउँपालिकाभित्र रहेका एलानी जग्गा बिघौंका दरले कब्जा गरेर बसेकाहरूलाई स्वेच्छाले जग्गा खाली गरी आफ्नो प्रतिष्ठा जोगाउन आग्रह गरेका छन्।

अध्यक्ष गुप्ताका अनुसार गाउँपालिकाले पटक–पटक सूचना जारी गर्दा समेत अटेर गर्ने व्यक्तिहरूले अबको सूचनालाई अन्तिम अवसरका रूपमा लिनुपर्नेछ । उनले सार्वजनिक जग्गा संरक्षण सम्बन्धी नेपाल सरकारको निर्णय कार्यान्वयनमा सहयोग गर्न सबैसँग अपिल समेत गरेका छन्। गाउँपालिकाले लामो समयदेखि सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण हटाउने अभियान सञ्चालन गर्दै आएको छ । अध्यक्ष गुप्ताको पछिल्लो अभिव्यक्तिलाई सोही अभियानको निरन्तरताका रूपमा हेरिएको छ।

उनले चेतावनीलाई बेवास्ता गरी सार्वजनिक जग्गा कब्जामै रहिरहने व्यक्तिमाथि कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाइने संकेत दिएका छन् । सार्वजनिक सम्पत्तिको संरक्षणमा कुनै सम्झौता नगर्ने अडानसहित गाउँपालिका अब थप सक्रिय रूपमा अघि बढ्ने उनको भनाइ छ।

विशेष अदालतको फैसलापछि अध्यक्ष गुप्ता सार्वजनिक सम्पत्ति संरक्षण र अतिक्रमण नियन्त्रण अभियानमा अझ दृढताका साथ लागिपरेको चर्चा स्थानीयस्तरमा भइरहेको छ।

# बर्ड फ्लु संक्रमण लुकाएको चिडियाखाना प्रमुखमाथि छानविन हुने




**मधेशदृष्टि**
**ललितपुर।**
ललितपुर जावलाखेलमा रहेको सदर चिडियाखानामा ‘बर्ड फ्लु’ को सङ्क्रमण पुष्टि भएको कुरा राष्ट्रिय प्रकृति संरक्षण कोषको केन्द्रीय कार्यालयलाई समयमै जानकारी नगराई गुपचुप राखेको आरोपमा चिडियाखानाका प्रमुख सत्यनारायण साहमाथि छानबिन हुने भएको छ।

कोषका अध्यक्ष एवं कृषि वन तथा पर्यावरणमन्त्री गीता चौधरीको निर्देशनमा कोषले साहलाई चिडियाखाना प्रमुखको पदबाट हटाएको छ । सो लगतै कोषले चिडियाखानामा फैलिएको बर्ड फ्लु र जीवजन्तु मरेको कारणबारे छानबिन गर्न प्रजाति विभाग प्रमुख रचना शाहको संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको जनाएको छ । चिडियाखानामा झण्डै १० दिन अघिबाटै पन्छी र जनावर मरेका भए पनि यसबारे प्रकृति संरक्षण कोषको केन्द्रीय कार्यालयलाई साहले कुनै जानकारी नगराएको पाइएको छ।

# चर्चित हास्य कलाकार ‘चतुरे’को निधन



**मधेशदृष्टि**
**काठमाडौँ।**
चर्चित हास्य कलाकार खेम शर्मा ‘चतुरे’ को आइतबार बिहान अमेरिकामा निधन भएको छ। प्राप्त जानकारी अनुसार बाल्टिमोरस्थित फ्यांकलिन स्क्वायरस्थित मेडस्टार अस्पतालमा उनले अन्तिम सास लिए।

उक्त अस्पतालमा पुगेका कलाकार तथा मोडल मनिष शर्माले उपचारको क्रममा शर्माको निधन भएको जनाए । उनका अनुसार, बुधबार स्वास्थ्य असहज भएपछि शर्मालाई टाउसन अस्पतालमा भर्ना गरिएको थियो । त्यहाँबाट फ्यांकलिन अस्पतालमा रिफर गरिएको थियो।

लामो समयदेखि परिवारसहित अमेरिकामा बस्दै आएका शर्माले थुप्रै फिल्म र टेलिफिल्ममा अभिनय गरेका छन् । ‘चतुरेको दाउपेच’ उनको चर्चित सिरियल हो।

# अर्को चुनावमा नयाँ एजेन्डासहित...

उनले व्यक्तिगत स्वार्थभन्दा संगठन र राष्ट्रहितलाई प्राथमिकतामा राख्न आग्रह गरे।

प्रधानमन्त्री शाहले रास्वपाले प्राप्त गरेको जनमतलाई परिवर्तनको अवसरका रूपमा व्याख्या गर्दै त्यसलाई परिणाममा रूपान्तरण गर्नु अहिलेको प्रमुख जिम्मेवारी भएको बताए। उनले जनताले दिएको विश्वासलाई कायम राख्न पारदर्शी शासन, सुशासन, विकास र जनउत्तरदायी प्रशासनमा जोड दिइने स्पष्ट पारे।

महाधिवेशन उद्घाटन समारोहमा पार्टी सभापति रवि लामिछानेले पनि सम्बोधन गर्दै रास्वपाको नेतृत्वमा मुलुक सुरक्षित रहेको दाबी गरे । उनले राजनीतिक दलहरूबीच अनावश्यक टकरावभन्दा सहमति, सहकार्य र संवादको वातावरण निर्माण हुनुपर्नेमा जोड दिए । मुलुक निर्माणका लागि व्यक्तिगत दुश्मनी र राजनीतिक पूर्वाग्रहभन्दा राष्ट्रिय हितलाई केन्द्रमा राख्नुपर्ने उनको भनाइ थियो । ‘रास्वपा आफैंभित्र कमजोर भयो भने मात्र समस्यामा पर्न सक्छ, बाह्य शक्तिले यो पार्टीलाई कमजोर बनाउन सक्दैन,’ लामिछानेले भने, ‘त्यसैले पार्टीभित्र एकता, अनुशासन र आपसी विश्वास कायम राख्न आवश्यक छ ।’

स्थापनाको चार वर्षमै उल्लेखनीय जनसमर्थन प्राप्त गर्दै सत्ताको नेतृत्वसम्म पुग्न सफल भएको रास्वपाका लागि यो महाधिवेशनलाई विशेष महत्वका साथ हेरिएको छ । पार्टीले यस महाधिवेशनमार्फत आफ्नो वैचारिक दिशा, संगठनात्मक संरचना र भावी नेतृत्वलाई थप परिष्कृत गर्ने लक्ष्य लिएको जनाएको छ।

महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार महाधिवेशनमा संगठनात्मक तथा वैचारिक प्रतिवेदनमाथि व्यापक छलफल हुनेछ । अनुशासन आयोगको प्रतिवेदन र सभापतिको राजनीतिक प्रतिवेदनमाथि समेत प्रतिनिधिहरूले आफ्नो धारणा राख्नेछन्। ती छलफलबाट प्राप्त सुझावका आधारमा पार्टीको नीति तथा कार्यक्रमलाई थप सुदृढ बनाइने जनाइएको छ। तीन दिनसम्म चल्ने महाधिवेशनमा देशभरबाट चार हजार दुई सयभन्दा बढी प्रतिनिधि सहभागी हुनेछन्। महाधिवेशनले आगामी कार्यकालका लागि नयाँ केन्द्रीय समिति चयन गर्नेछ । प्रस्तावित संरचनाअनुसार १५१ जना निर्वाचित केन्द्रीय सदस्य रहनेछन् भने सात जना प्रदेश सभापति पदेन सदस्यका रूपमा केन्द्रीय समितिमा रहने व्यवस्था गरिएको छ । निर्वाचन आयोगका प्रमुख भुवन केसीका अनुसार महाधिवेशनमा दुई चरणमा निर्वाचन प्रक्रिया सम्पन्न हुनेछ । पहिलो चरणमा सभापति र केन्द्रीय सदस्यहरूको चयन गरिनेछ भने दोस्रो चरणमा निर्वाचित केन्द्रीय सदस्यहरूबाट पदाधिकारीहरूको निर्वाचन हुनेछ। मतदानका लागि ८० वटा विद्युतीय मतदान मेसिन प्रयोग गरिनेछ । साथै, विदेशमा रहेका प्रतिनिधिहरूलाई मोबाइल एपमार्फत मतदान गर्ने सुविधा प्रदान गरिएको छ।

रास्वपाको पहिलो महाधिवेशन केवल नेतृत्व चयनको प्रक्रिया मात्र नभई सरकार र पार्टीले आगामी वर्षहरूमा अवलम्बन गर्ने राजनीतिक दिशा निर्धारण गर्ने महत्वपूर्ण अवसरका रूपमा समेत हेरिएको छ । विशेषगरी प्रधानमन्त्री बालेन्द्र शाहले पाँच वर्षभित्र सबै प्रतिबद्धता पूरा गर्ने र अर्को निर्वाचनमा नयाँ उपलब्धिसहित जनतामाझ जाने गरेको घोषणाले महाधिवेशनको मुख्य राजनीतिक सन्देशका रूपमा चर्चा पाएको छ।

# मधेशको अधिकांश जिल्ला...

जिल्लामा अधिवेशन गराउने प्रयास भए पनि नेतृत्वबीचको अविश्वास र शक्ति संघर्षका कारण प्रक्रिया सफल हुन सकेन । कतिपय स्थानमा सहमतिबाट नेतृत्व चयन गर्ने प्रयास भए पनि अन्ततः विवाद चर्किँदै गएको उनीहरूको भनाइ छ । महाधिवेशनमा सहभागी मधेशका केही प्रतिनिधिहरूले प्रदेश सभापति तपेश्वर यादव र केन्द्रीय तहका नेताहरूबीचको शक्ति संघर्षले संगठन कमजोर बनेको आरोप लगाएका छन् । उनीहरूका अनुसार अधिवेशन प्रक्रिया प्रभावित हुनुको मुख्य कारण नेतृत्व तहमा देखिएको असमझदारी हो।

रास्वपाले २०७९ सालपछि मधेशमा आफ्नो प्रभाव विस्तार गर्ने प्रयास गर्दै आएको भए पनि हाल देखिएको आन्तरिक विवादले संगठनात्मक संरचनामै असर पुगेको छ। महाधिवेशनमा देशभरबाट प्रतिनिधिहरू सहभागी भइरहँदा मधेशका जिल्ला र प्रदेश अधिवेशनबाट निर्वाचित प्रतिनिधिहरू अनुपस्थित हुनु पार्टीका लागि ठूलो राजनीतिक सन्देशका रूपमा हेरिएको छ ।मधेशका नेताहरूले महाधिवेशनपछि जिल्ला र प्रदेश अधिवेशन सम्पन्न गरी संगठनलाई पुनर्गठन गर्नुपर्ने माग गरेका छन् । उनीहरूका अनुसार मधेशमा देखिएको विवाद समाधान नगरे पार्टीको संगठन विस्तार र राजनीतिक प्रभाव दुवैमा नकारात्मक असर पर्न सक्छ।

# पक्राउ पुर्जी जारी भएका वडाध्यक्ष यादव अझै फरार




**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजगढ गाउँपालिका–२ का वडाध्यक्ष जितेन्द्रकुमार यादव कुटपिट तथा अंगभंग मुद्दामा पक्राउ पुर्जी जारी भएको डेढ महिनाभन्दा बढी समय बितिसक्दा पनि प्रहरीको पहुँचबाहिर रहेका छन् । प्रहरीले उनको खोजी तीव्र बनाए पनि हालसम्म पक्राउ गर्न सफल हुन सकेको छैन । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार गत जेठ १ गते वडाध्यक्ष यादवसहित पाँच जनाविरुद्ध पक्राउ पुर्जी जारी गरिएको थियो । पक्राउ पुर्जी जारी भएको जानकारी पाएलगत्तै यादवले जेठ ५ गते वडासदस्यलाई कार्यवाहक जिम्मेवारी हस्तान्तरण गरी सम्पर्कविहीन बनेको बताइएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) हेमराज घिमिरेले फरार रहेका सबै आरोपितको खोजी तथा पक्राउ अभियान निरन्तर जारी रहेको जानकारी दिए । उनका अनुसार घटनासँग सम्बन्धित दुई जना आरोपित भने हालसम्म पक्राउ परिसकेका छन् । प्रहरीले स्थानीय ५० वर्षीय टुनु खंगलाई राजविराजबाट नियन्त्रणमा लिएको छ । यसअघि अर्का आरोपित शिवन खंग पनि पक्राउ परेका थिए । तर स्वास्थ्य अवस्था प्रतिकूल रहेकाले आवश्यक कानुनी प्रक्रिया पूरा गरी उनलाई जिम्मा जमानीमा रिहा गरिएको प्रहरीको भनाइ छ ।

प्रहरी अनुसन्धानअनुसार विवादको जड सार्वजनिक जग्गामा घर निर्माणसँग जोडिएको छ । २०८१ कात्तिक २१ गते भएको उक्त घटनामा वडाध्यक्ष यादवसहित केही व्यक्तिले स्थानीय ललनकुमार सिंहमाथि सामूहिक रूपमा कुटपिट गरेको आरोप लगाइएको छ । घटनाका क्रममा फलामको रड प्रहार हुँदा सिंहको हात भाँचिएको बताइएको छ । पीडित सिंहले घटनापछि न्यायको खोजीमा प्रहरी कार्यालय पुगेपनि आफ्नो जाहेरी दर्ता नगरिएको दाबी गरेका थिए । त्यसपछि उनी अदालत पुगेका थिए। अदालतको हस्तक्षेपपछि मात्रै घटनाले कानुनी गति लिएको बताइन्छ ।

उच्च अदालत जनकपुरको राजविराज इजलासले प्रहरीलाई घटनाको अनुसन्धान गरी आवश्यक कानुनी प्रक्रिया अघि बढाउन परमादेश जारी गरेपछि मुद्दाको औपचारिक अनुसन्धान सुरु भएको थियो । अदालतको आदेशपछि प्रहरीले घटनामा संलग्न रहेको आरोप लागेका व्यक्तिहरूविरुद्ध पक्राउ पुर्जी जारी गर्दै खोजी अभियान अघि बढाएको हो । स्थानीय तहको निर्वाचित जनप्रतिनिधि नै गम्भीर फौजदारी अभियोगमा फरार रहेको विषयले जिल्लामा व्यापक चर्चा पाएको छ । सार्वजनिक पदमा रहेका व्यक्तिमाथि कानुन समान रूपमा लागू हुनुपर्ने भन्दै स्थानीयवासीले फरार आरोपितलाई शीघ्र पक्राउ गरी निष्पक्ष अनुसन्धान गर्न माग गरेका छन् ।

यता प्रहरीले वडाध्यक्ष यादवसहित फरार रहेका अन्य आरोपितहरूको खोजी कार्य जारी रहेको र पक्राउपछि थप अनुसन्धान अघि बढाइने जनाएको छ । पक्राउ पुर्जी जारी भएको लामो समयसम्म पनि मुख्य आरोपित पक्राउ नपर्दा घटनाले थप चासो र बहस पैदा गरेको छ ।

# मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि जीतपुरसिमरामा वन्यजन्तु तथा सर्प उद्धार तालिम



**मधेशदृष्टि**
**कलैया ।**
मानव–वन्यजन्तु द्वन्द्वका घटना बढ्दै गइरहेका बेला जीतपुरसिमरा उपमहानगरपालिकाले उद्धार तथा व्यवस्थापन क्षमतालाई सुदृढ बनाउन नगर प्रहरी र प्राविधिक जनशक्तिलाई लक्षित गरी दुईदिने वन्यजन्तु तथा सर्प उद्धार तालिम सम्पन्न गरेको छ ।

पर्सा राष्ट्रिय निकुञ्जको प्राविधिक सहयोगमा सञ्चालन गरिएको तालिममा वन्यजन्तु तथा सर्पसँग सम्बन्धित जोखिम व्यवस्थापन, सुरक्षित उद्धार विधि, संरक्षणका उपाय र उद्धारकर्ताको सुरक्षासम्बन्धी विषयमा विस्तृत प्रशिक्षण प्रदान गरिएको थियो ।

उपमहानगरपालिकाले बस्ती क्षेत्रमा बढ्दो वन्यजन्तु र सर्पको उपस्थितिलाई मध्यनजर गर्दै दक्ष तथा प्रशिक्षित जनशक्ति तयार गर्ने उद्देश्यले तालिम आयोजना गरेको जनाएको छ । तालिमका क्रममा सहभागीहरूलाई विभिन्न प्रजातिका सर्पहरूको पहिचान गर्ने तरिका, विषालु र अविषालु सर्पबीचको भिन्नता, उद्धारका बेला अपनाउनुपर्ने सावधानी तथा उद्धारपछिको व्यवस्थापन प्रक्रियाबारे व्यवहारिक र सैद्धान्तिक दुवै ज्ञान प्रदान गरिएको थियो । प्रशिक्षकहरूले सर्प वा वन्यजन्तुसँग प्रत्यक्ष सम्पर्क हुँदा अपनाउनुपर्ने सुरक्षाका उपायहरूबारे समेत जानकारी गराएका थिए ।

पछिल्लो समय शहरी तथा ग्रामीण बस्तीहरूमा सर्प, बाँदर, हरिणलगायत वन्यजन्तु प्रवेश गर्ने घटना बढ्दै गएको सन्दर्भमा तालिमलाई विशेष महत्वका साथ हेरिएको छ । यस्ता घटनामा अव्यवस्थित उद्धार प्रयासले मानव जीवन र वन्यजन्तु दुवैलाई जोखिममा पार्न सक्ने भएकाले सुरक्षित र वैज्ञानिक विधिबाट उद्धार कार्य सञ्चालन गर्न तालिम केन्द्रित गरिएको थियो । कार्यक्रममा सहभागी नगर प्रहरी, प्राविधिक कर्मचारी तथा सम्बन्धित शाखाका कर्मचारीहरूले व्यवहारिक अभ्यासमार्फत उद्धार प्रक्रियाको प्रत्यक्ष अनुभवसमेत हासिल गरेका थिए ।

उद्धारका क्रममा प्रयोग गरिने सामग्री, उपकरण तथा आपत्कालीन परिस्थितिमा अपनाउनुपर्ने रणनीतिबारे पनि जानकारी प्रदान गरिएको थियो ।

तालिममा सहभागी प्रशिक्षक तथा वन्यजन्तु विज्ञहरूले मानव सुरक्षा र वन्यजन्तु संरक्षणबीच सन्तुलन कायम गर्न दक्ष जनशक्तिको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताएका थिए। उनीहरूले वन्यजन्तु संरक्षण केवल निकुञ्ज वा वन कार्यालयको जिम्मेवारी मात्र नभई स्थानीय तह, सुरक्षा निकाय र समुदायको साझा दायित्व भएको उल्लेख गरे । सहभागीहरूलाई तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारमा लागू गर्दै समुदायमा जनचेतना फैलाउन तथा आपत्कालीन अवस्थामा प्रभावकारी उद्धार कार्यमा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरिएको थियो ।

उपमहानगरपालिकाका अनुसार यस प्रकारका क्षमता अभिवृद्धि कार्यक्रमले आगामी दिनमा वन्यजन्तु तथा सर्प उद्धार कार्यलाई थप व्यवस्थित, सुरक्षित र प्रभावकारी बनाउन मद्दत पुग्नेछ । साथै, मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण, जनधनको सुरक्षा तथा जैविक विविधता संरक्षणमा समेत सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ । बढ्दो शहरीकरण र वन क्षेत्रसँग जोडिएका बस्तीहरूमा वन्यजन्तुको आवागमन चुनौतीपूर्ण बन्दै गइरहेका बेला जीतपुरसिमरा उपमहानगरपालिकाको यो पहललाई समुदायको सुरक्षा र वन्यजन्तु संरक्षणलाई एकसाथ अघि बढाउने महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

# समाचार लेखन विषयक प्रदेशस्तरीय दुईदिने तालिम सम्पन्न

**मधेशदृष्टि**
**कलैया ।**
आम सञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजनामा संघीयता सुदृढीकरणसम्बन्धी समाचार लेखन विषयक मधेश प्रदेश स्तरीय दुईदिने आवासीय तालिम बाराको निजगढमा सम्पन्न भयो ।

फेडरलिज्म एन्ड लोकलाइजेसन, ललितपुरको प्राविधिक सहयोगमा आयोजित तालिममा पर्सा, रौतहट र सर्लाहीका गरी ५० भन्दा बढी पत्रकारको सहभागिता रहेको थियो । तालिममा संघीयता विज्ञहरु डा. खिमलाल देवकोटा, प्रह्लाद लामिछाने र डा. विनय मिश्रलगायतले प्रशिक्षण दिएका थिए ।

प्रशिक्षकहरूले संघीयता नेपालजस्तो सानो मुलुकका लागि बोझ भएको भन्ने भाष्य निर्माण भइरहेका बेला यसको सकारात्मक पक्षबारे जनमानसलाई सचेत गराउनुका साथै कार्यान्वयनमा देखिएका कमजोरी सुधारका लागि राज्य, राज्य संयन्त्र र नागरिकलाई सचेत गराउने जिम्मेवारी पत्रकारको पनि रहेको बताएका छन् ।

संघीयता विविधतामा एकताको अवधारणा भएको प्रशिक्षकहरूको भनाई थियो । शनिवार सुरु भएको तालिम आइतवार समापन भएको हो ।

# एसइईका उत्कृष्ट विद्यार्थीलाई सम्मान



**मधेशदृष्टि**
**वीरगंज ।**
माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थीहरूलाई निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) पर्साले विशेष समारोहबीच सम्मान गरेको छ । शैक्षिक उत्कृष्टतालाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजित कार्यक्रममा विभिन्न विद्यालयका उत्कृष्ट विद्यार्थीहरूलाई प्रमाणपत्र प्रदान गर्दै सम्मान गरिएको हो ।

वीरगंजस्थित होटल वृन्दावनमा सम्पन्न ‘एसइई टपर्स सम्मान कार्यक्रम–२०८३’ मा प्याब्सनमा आबद्ध ४० वटा विद्यालयका उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थीहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूको मेहनत, लगनशीलता र शैक्षिक उपलब्धिको उच्च मूल्याङ्कन गर्दै उनीहरूको सफलताको प्रशंसा गरिएको थियो ।

प्याब्सन पर्साका अध्यक्ष सरोज चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछाने रहेका थिए । कार्यक्रममा शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न व्यक्तित्व, विद्यालयका प्रतिनिधि, शिक्षक, अभिभावक तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

प्रमुख अतिथि लामिछानेले सम्मानित विद्यार्थीहरूलाई बधाई दिँदै यस्ता कार्यक्रमले विद्यार्थीहरूमा थप ऊर्जा, आत्मविश्वास र सकारात्मक प्रतिस्पर्धाको भावना विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले सफलताका पछाडि निरन्तर परिश्रम, अनुशासन र लक्ष्यप्रतिको समर्पण आवश्यक रहने उल्लेख गर्दै उत्कृष्ट विद्यार्थीहरूको सम्मान शिक्षा क्षेत्रका लागि प्रेरणादायी अभ्यास भएको धारणा व्यक्त गरे । उनले शिक्षा केवल परीक्षा उत्तीर्ण गर्ने माध्यम मात्र नभई व्यक्तित्व विकास, नेतृत्व क्षमता र जिम्मेवार नागरिक निर्माणको आधार भएको बताउँदै विद्यार्थीहरूलाई भविष्यमा पनि निरन्तर मेहनत गर्न आग्रह गरे ।

कार्यक्रममा अध्यक्ष चौधरीले एसइईमा उत्कृष्ट सफलता हासिल गर्ने विद्यार्थी, उनीहरूका अभिभावक तथा शिक्षकलाई हार्दिक बधाई ज्ञापन गरे । उनले गुणस्तरीय शिक्षाको विकास, उत्कृष्ट नतिजाको प्रवद्र्धन तथा विद्यार्थीहरूको प्रतिभा उजागर गर्न प्याब्सन निरन्तर सक्रिय रहेको बताए। शैक्षिक क्षेत्रमा सकारात्मक प्रतिस्पर्धा र उत्कृष्टताको संस्कार विकास गर्न यस्ता कार्यक्रम आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने उनले जानकारी दिए । सम्मानित विद्यार्थीहरूले आफ्नो सफलतामा विद्यालय, शिक्षक र अभिभावकको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै प्राप्त उपलब्धिलाई थप जिम्मेवारीका रूपमा लिएको बताएका थिए ।

उनीहरूले भविष्यमा उच्च शिक्षा हासिल गरी समाज र राष्ट्रको विकासमा योगदान पु¥याउने प्रतिबद्धता समेत व्यक्त गरेका थिए । कार्यक्रमले उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूको मनोबल उच्च बनाउनुका साथै अन्य विद्यार्थीहरूलाई पनि मेहनत र लगनशीलतामार्फत सफलता हासिल गर्न प्रेरणा दिएको सहभागीहरूको भनाइ थियो । शिक्षा क्षेत्रमा उत्कृष्टताको सम्मान गर्ने संस्कृतिले समग्र शैक्षिक गुणस्तर सुधारमा सकारात्मक प्रभाव पार्ने विश्वाससमेत व्यक्त गरिएको थियो ।

प्याब्सन पर्साले आयोजना गरेको यो सम्मान कार्यक्रमलाई विद्यार्थीको क्षमता, परिश्रम र उपलब्धिको कदर गर्दै शिक्षा क्षेत्रमा सकारात्मक वातावरण निर्माण गर्ने महत्वपूर्ण पहलका रूपमा हेरिएको छ ।

# यात्रुबाहक बस दुर्घटना हुँदा ८ जना घाइते



**मधेशदृष्टि**
**कलैया ।**
बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १० स्थित नितनपुर चोकमा यात्रुबाहक बस दुर्घटना हुँदा ८ जना घाइते भएका छन् ।

आइतबार बिहान वीरगंजबाट राजविराज जाँदै गरेको ना ७ ख २३५ नम्बरको बस वीरगंज–पथलैया सडक खण्डको नितनपुर चोकमा अर्को सवारी साधनलाई ओभरटेक गर्ने क्रममा आफै अनियन्त्रित भई सडकमै पल्टिएको हो । दुर्घटनामा घाइते भएकामध्ये ७ जनाको वीरगंजस्थित नेशनल मेडिकल कलेजमा र एक जनाको तराई हस्पिटलमा उपचार भइरहेको प्रहरीले जनाएको छ । नेशनल मेडिकल कलेजमा उपचाररत घाइतेहरूमा सप्तरीको तिलाठी कोईली गाउँपालिका–१ का ४२ वर्षीय कमलेश यादव, उनकी ३४ वर्षीया श्रीमती रुबी यादव र १५ वर्षीया छोरी शिवानी यादव, वीरगंज महानगर पालिका–१३ का ६४ वर्षीय राम नरेश प्रसाद , बसका सह–चालक सप्तरी कञ्चनरुप नगर पालिका–१ का ४७ वर्षीय नरेश पञ्जियार, पर्साकै पकहा मैनपुर गाउँपालिका–५ का २८ वर्षीय धनञ्जय प्रसाद चौरसिया र बहुदरमाई नगरपालिका–२ बस्ने ३४ वर्षीया सुनिता यादव रहेका छन् । उनीहरू सबैको अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ । तराई हस्पिटलमा उपचाररत सिराहाको करजना नगरपालिका–११ का ६२ वर्षीय चिनी लाल श्रेष्ठको छातिमा भित्री चोट लागेको र उनको अवस्था भने गम्भीर रहेको प्रहरीले जनाएको छ ।

# ठोरी गाउँपालिकाको १५ औं अधिवेशन सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
ठोरी गाउँपालिका, गाउँ सभाको १५ औं अधिबेशन आइतबार सम्पन्न भएको छ । गाउँपालिकाको सभाहलमा आयोजित कार्यक्रममा ठोरी गाउँपालिका अध्यक्ष लाल बहादुर श्रेष्ठले आर्थिक बर्ष २०८३/०८४ को प्रस्तुत गरेको नीति तथा कार्यक्रम सर्वसम्मत पारित भएको छ ।

मधेस प्रदेश सरकारका बन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा जिसस पर्साकी सदस्य शुशिला बिक, ठोरी गापा उपाध्यक्ष गोकुली कुमारी रेग्मी, विभिन्न राजनीतिक दलका स्थानीय प्रमुख तथा अगुवाहरूको सहभागिता थियो ।

कार्यक्रममा अवकाश प्राप्त शिक्षक तथा कर्मचारीहरूलाई नगद सहित सम्मान गरिएको थियो । सो अवसरमा ठोरी गाउँपालिकाले आयोजना गरेको त्ष्प त्यप प्रतियोगिता मा प्रथम हुने ललिता क्षेत्रीलाई रु. २०,०००/–, दोस्रो हुने नयाँ ठोरीलाई रु. १५,०००/– र तेस्रो स्थान प्राप्त गर्ने विवेक क्षेत्रीलाई रु. १०,०००/– सहित पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा सामुदायिक बिद्यालयमा पढेका आफ्ना तिनै जना छोराहरुले :द्यद्यक् को पुर्ण छात्रवृत्ति कोटामा नाम निकाल्न सफल भएपछि उदाहरणीय अभिभावकको पहिचान स्थापित गर्नु भएका शिक्षक दल बहादुर स्याङ्बोलाई रु. १ लाख नगद सहित सम्मान गरिएको थियो ।

# तस्करीको आशँकामा खसी र बाख्रा नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाँउपालिका वडा नम्बर ३ पाँडेपुरबाट प्रहरीले भारतबाट तस्करी गरी ल्याइएको आशंकामा एक गाडी खसी र बाख्रा नियन्त्रणमा लिएको छ ।

भारतबाट अबैध तरिकाले नेपाल भित्रयाइएको आशंकमा प्रहरीले पाँडेपुरबाट बागमती प्रदेश ०३–००१ च १४८५ नम्बरको पिकअप गाडीमा लोड रहेको १५ वटा बाख्रा, ४ वटा खसी र १ वटा बोका गरी कूल २० वटा चौपाया नियन्त्रणमा लिएको हो ।

ती चौपाया र गाडीसहित उक्त गाडीमा सवार चालकसहित दुई जना व्याक्तिलाई पनि नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि आइतबार वीरगन्ज भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# मनसुन भित्रिए पनि वर्षा भएन...

अस्पतालहरूमा बिरामीको चाप बढ्दो छ । विशेषगरी ज्वरो, टाउको दुख्ने, रिंगटा लाग्ने, झाडापखाला तथा सर्पदंशका बिरामीको संख्या उल्लेख्य रूपमा बढेको मन्त्रालयले जनाएको छ । जनकपुरधाम उपमहानगरपालिका–४ स्थित जिल्ला अदालत अगाडि सानो पसल सञ्चालन गर्दै आएकी ६० वर्षीया गीतादेवीले गर्मीका बाबजुद काम नगरी गुजारा चलाउन नसकिने बताइन् । उनले भनिन्, ‘घाम निकै चर्को हुन्छ, तर व्यापार नगरे खान समस्या हुन्छ । छोराछोरीको सहारा छैन, आफैं काम गर्नुपर्छ । नगरपालिकाले कहिले पेटीबाट हटाइदिन्छ भन्ने डर पनि छ । एउटा राम्रो छानासमेत छैन । दिनभर पसिनाले भिजिएर बस्नुपरेको छ।

जनकपुरधाम–६ का हरिदेव राउत हार्डवेयर पसलमा सिमेन्टको बोरा बोक्ने काम गर्छन् । उनी भन्छन्, ‘यो गर्मीमा काम गर्नु हाम्रो रहर होइन, तर काम नगरे परिवार पाल्न सकिँदैन । एक दिन काममा नआए साहुले अर्को मानिस राख्ने डर हुन्छ । त्यसैले जति गर्मी भए पनि काम गर्नैपर्छ ।’ ठेला चालक, कुली तथा फुटपाथ व्यवसायीहरूले पनि यस्तै समस्या भोगिरहेका छन् । काम रोके आम्दानी रोकिने भएकाले उनीहरू चर्को घाममा समेत श्रम गर्न बाध्य छन् ।

गर्मी बढेसँगै विद्युत् खपतसमेत बढेको छ । जसका कारण कतिपय स्थानमा विद्युत् आपूर्तिमा समस्या देखिएको स्थानीयवासी बताउँछन् । बारम्बार विद्युत् अवरुद्ध हुँदा सर्वसाधारण थप समस्यामा परेका छन् ।

मधेश प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा. मुक्तिनारायण साहले गर्मीमा रिंगटा लाग्ने, झाडापखाला, शरीरमा पानीको कमी हुने तथा सर्पदंशका बिरामी बढिरहेको भन्दै सचेत रहन आग्रह गरेका छन् । उनले अस्पतालहरूमा उपचार व्यवस्थापनलाई थप प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक समन्वय गरिरहेको जानकारी दिए। मन्त्रालयले अत्यावश्यक कामबाहेक दिउँसोको समयमा घरबाहिर ननिस्किन, पर्याप्त पानी पिउन, छाता वा टोपीको प्रयोग गर्न तथा बालबालिका र ज्येष्ठ नागरिकको विशेष हेरचाह गर्न आग्रह गरेको छ ।

वातावरणविद् अजित श्रीवास्तवका अनुसार जलवायु परिवर्तनका कारण मधेशमा गर्मीको प्रभाव वर्षेनि बढ्दै गएको छ।

उनले रुख रोप्ने मात्र नभई संरक्षणमा पनि विशेष ध्यान दिनुपर्ने बताए । ‘एउटा बिरुवालाई कम्तीमा पाँच वर्षसम्म संरक्षण गर्न सकेमात्र त्यसको वास्तविक लाभ पाइन्छ,’ उनले भने, ‘मधेशका पोखरी तथा जलस्रोतहरूको संरक्षण र व्यवस्थापन गर्न सके तापक्रम सन्तुलनमा सहयोग पुग्न सक्छ ।’ उनले चुरे क्षेत्रको संरक्षण, गाउँगाउँमा हरियाली विस्तार तथा प्राकृतिक स्रोतहरूको दीर्घकालीन संरक्षणमार्फत बढ्दो गर्मीको प्रभाव न्यूनीकरण गर्न सकिने बताए। मनसुन नेपालमा भित्रिए पनि मधेश प्रदेशमा पर्याप्त वर्षा नहुँदा गर्मीको प्रकोप अझै कायमै रहेको छ । मौसममा तत्काल सुधार नआए स्वास्थ्य जोखिम, श्रम उत्पादकत्व तथा जनजीवनमा थप असर पर्न सक्ने भन्दै सरोकारवालाहरूले आवश्यक सतर्कता अपनाउन आग्रह गरेका छन् ।

## सम्पादकीय

## योगको वास्तविक सन्देशः

# आसनभन्दा पर आत्म–रूपान्तरणको यात्रा

हरेक वर्ष जुन २१ मा अन्तर्राष्ट्रिय योग दिवस मनाइन्छ। सार्वजनिक स्थलहरूमा योगासन प्रदर्शन हुन्छन्, स्वास्थ्य लाभका चर्चा चल्छन्, र योगलाई शारीरिक तन्दुरुस्तीको माध्यमका रूपमा प्रस्तुत गरिन्छ। निस्सन्देह, योगले शरीरलाई स्वस्थ र सशक्त बनाउँछ। तर योगलाई केवल व्यायाम वा आसनमा सीमित गर्नु यसको विशाल आध्यात्मिक, मानसिक र दार्शनिक आयामलाई संकुचित गर्नु हो। वास्तवमा योग मानव जीवनलाई बाहिरबाट मात्र होइन, भित्रबाट पनि रूपान्तरण गर्ने विज्ञान हो। आजको संसार अभूतपूर्व भौतिक प्रगतिका बीचमा पनि तनाव, चिन्ता, अवसाद, असन्तुष्टि र एक्लोपनले ग्रस्त छ। मानिससँग सुविधा छ, तर शान्ति छैन, सम्पर्क छ, तर आत्मीयता छैन, जानकारी छ, तर आत्मज्ञान छैन। यस्तै अवस्थामा योगको वास्तविक सन्देश झन् सान्दर्भिक बनेर उभिएको छ। योगको अर्थ शरीरलाई मोड्नु मात्र होइन, आफ्नो चेतनालाई उन्नत बनाउनु हो। संस्कृत शब्द 'योग' को अर्थ नै जोडिनु वा एकत्व हो। अर्थात्, सीमित व्यक्तित्वलाई आफ्नो उच्चतर चेतना र अन्ततः परम चेतनासँग जोड्ने प्रक्रिया।

महर्षि पतञ्जलिले 'योगश्चित्तवृत्तिनिरोधः' भन्दै योगको सार प्रस्तुत गरेका छन्। मनका चञ्चल तरङ्गहरूलाई शान्त गर्नु नै योग हो। आधुनिक मानिसको सबैभन्दा ठूलो समस्या पनि यही चञ्चलता हो। दिनभर सामाजिक सञ्जाल, सूचना, प्रतिस्पर्धा, चिन्ता र अपेक्षाहरूले मानिसको मनलाई अशान्त बनाइरहेका छन्। परिणामस्वरूप मानिस बाह्य रूपमा सफल देखिए पनि भित्री रूपमा थकित र असन्तुष्ट छ। योगले यही अशान्त मनलाई सन्तुलित र केन्द्रित बनाउने उपाय दिन्छ। योगको अर्को महत्वपूर्ण पक्ष यसको बहुआयामिक स्वरूप हो। योग केवल ध्यान गर्नेहरूको विषय होइन, न त केवल साधु–सन्तहरूको अभ्यास। मानव स्वभाव फरक–फरक हुने भएकाले प्राचीन ऋषिहरूले कर्मयोग, भक्तियोग, ज्ञानयोग र राजयोग गरी चार प्रमुख मार्गको विकास गरे। यी चारै मार्गको लक्ष्य एउटै भए पनि यात्रा फरक–फरक हुन सक्छ।

कर्मयोगले कामलाई सेवामा रूपान्तरण गर्न सिकाउँछ। आज अधिकांश मानिस कामलाई केवल तलब, पद वा प्रतिष्ठासँग जोडेर हेर्छन्। यही कारण काम बोझ बन्छ। तर जब कामलाई सेवा र योगदानको दृष्टिले हेरिन्छ, त्यही काम आनन्दको स्रोत बन्न सक्छ। समाजमा बढ्दो स्वार्थ, प्रतिस्पर्धा र व्यक्तिगत लाभको संस्कृतिका बीच कर्मयोगको सन्देश अत्यन्त सान्दर्भिक छ। भक्तियोगले मानिसलाई प्रेम, कृतज्ञता र समर्पणको शक्ति सम्झाउँछ। आज मानिसहरू डिजिटल रूपमा जोडिएका छन्, तर भावनात्मक रूपमा टाढिँदै गएका छन्। सामाजिक सञ्जालले सम्पर्क बढाएपनि सम्बन्धलाई गहिरो बनाउन सकेको छैन। भक्ति योगले मानिसलाई हृदयको भाषामा फर्काउँछ। प्रेम, करुणा र समर्पणको भावना विकास गरेर जीवनलाई अर्थपूर्ण बनाउँछ।

ज्ञानयोगले मानिसलाई सबैभन्दा कठिन प्रश्न सोध्छ 'म को हुँ ?' आधुनिक शिक्षाले मानिसलाई संसार चिनाउँछ, तर आफैँलाई चिनाउन सक्दैन। पद, सम्पत्ति र पहिचानको दौडमा मानिसले आफ्नो वास्तविक अस्तित्व बिर्सिरहेको छ। ज्ञानयोगले बाह्य सफलताभन्दा आन्तरिक बोधलाई महत्त्व दिन्छ र आत्मचिन्तनमार्फत जीवनको गहिरो अर्थ खोज्न प्रेरित गर्छ। राजयोगले भने ध्यान र आत्मअनुशासनमार्फत सम्पूर्ण चेतनालाई रूपान्तरण गर्ने मार्ग देखाउँछ। आजको युगलाई यदि कुनै महामारीले सताएको छ भने त्यो 'ध्यान विचलन' हो। मानिसको मन कहिल्यै स्थिर रहन सक्दैन। यस्तो समयमा राजयोगले मौनता, एकाग्रता र आत्म–अनुभूतिको महत्व सम्झाउँछ। ध्यान केवल तनाव कम गर्ने उपाय होइन, आफ्नो वास्तविक स्वरूपलाई चिन्ने माध्यम पनि हो।

वास्तवमा यी चारै मार्ग अलग–अलग होइनन्, एकअर्काका पूरक हुन्। सेवा बिना भक्ति अपूरो हुन्छ, भक्ति बिना ज्ञान निस्सार हुन्छ, ज्ञान बिना ध्यान अधुरो हुन्छ, र ध्यान बिना चेतनाको पूर्ण विकास सम्भव हुँदैन। सन्तुलित जीवनका लागि यी चारै पक्षको समन्वय आवश्यक छ। आज योग दिवस मनाइरहँदा एउटा गम्भीर प्रश्न उठाउन आवश्यक छ के हामी योगलाई केवल शरीरको अभ्यासमा सीमित गर्दैछौँ, वा यसको वास्तविक उद्देश्य बुझ्न खोजिरहेका छौँ? योगको सार शरीरलाई लचिलो बनाउनु मात्र होइन, मनलाई शान्त, हृदयलाई प्रेमपूर्ण, बुद्धिलाई विवेकशील र चेतनालाई उन्नत बनाउनु हो। अन्तर्राष्ट्रिय योग दिवस केवल औपचारिक उत्सव होइन, आत्ममन्थनको अवसर पनि हो। यो दिनले हामीलाई सम्झाउँछ कि बाहिरी उपलब्धि जति महत्त्वपूर्ण छन्, भित्री विकास त्यसभन्दा कम महत्त्वपूर्ण छैन। संसार बदल्ने प्रयासभन्दा पहिले आफूलाई बदल्ने यात्रा आवश्यक छ। योगले त्यही यात्रा सुरु गर्ने साहस दिन्छ।

अन्ततः मानिसले खोजिरहेको आनन्द, शान्ति र सन्तुष्टि बाहिरी वस्तु, पद वा सम्पत्तिमा होइन, आफ्नै अन्तरमनमा छ। योगको वास्तविक सन्देश पनि यही हो आफूभित्रको चेतना, शान्ति र दिव्य सम्भावनासँग पुनः जोडिनु। यही योगको सार हो, यही यसको शाश्वत महत्व हो।

## अन्तर्राष्ट्रिय योग दिवस सन्दर्भः

# आरोग्य पर्यटन पर्यटनमा योग



विनादे घिमिरे



काठमाडौँ।

आधुनिक चिकित्सा पद्धतिले शारीरिक रोगहरुको निराकरणमा अतुलनीय प्रगति हासिल गरे तापनि आन्तरिक बेचैनी, खराब आचरणबाट सृजित समस्याहरू र आत्मिक शून्यताको पूर्ण समाधान ठम्याउन सकेको देखिँदैन। यही धरातलमा टेकेर हाल विश्व परिवेशमा आरोग्य पर्यटनको दायरा निकै द्रुत गतिमा फैलिँदै गइरहेको अवस्था छ। आधुनिक जीवनसँगै धेरै मान्छेहरूको जीवनशैली परिवर्तन भएको छ। जसका कारणले मान्छेहरुमा धेरै रोगहरु उत्पन्न भएका छन्। सँगसँगै जीवनको गुणस्तर नै कम भएको अवस्था छ। यसरी आकुलव्याकुल भएर मान्छेहरु अब यात्राका लागि नै आरोग्यता रोज्ने परिस्थिति बनेको छ। मानिसहरू धेरै कारणले यात्रा गर्ने गर्छन्। कोही सौन्दर्यका लागि यात्रा गर्छन् कोही ट्रेकिङका लागि यात्रा गर्छन् कोही खेलकुदका लागि यात्रा गर्छन्। भने कोही चाहिँ आफ्नो स्वास्थ्यलाई राम्रो बनाउन र रोगहरु कम गर्नका लागि पनि यात्रा गर्छन्। स्वास्थ्यका लागि गरिने यात्रालाई आरोग्य पर्यटन भनिन्छ।

आरोग्य पर्यटनले रोगको उपचार मात्र नभएर व्यक्तिको स्वास्थ्य रक्षा गर्न जीवनशैली सुधार गर्न र जीवनको गुणस्तर वृद्धि गर्नलाई सहयोग गरिरहेको हुन्छ। ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार, आरोग्य पर्यटन भनेको आफ्नो व्यक्तिगत कल्याण र स्वास्थ्यलाई कायम राख्न वा बढावा दिन गरिने यात्रा हो। यो भनेको शारीरिक मानसिक भावनात्मक तथा आध्यात्मिक हिसाबले स्वास्थ्यको प्रवद्र्धन र संरक्षण गर्ने उद्देश्यले गरिने यात्रा हो। आरोग्य पर्यटनअन्तर्गत योग ध्यान आयुर्वेद प्राकृतिक चिकित्सा स्वस्थ आहार, स्पा डिटक्सजस्ता गतिविधिहरु पर्दछन्।

पछिल्लो समय आरोग्य पर्यटन निकै विस्तार भएको छ। २०३० सम्म यसले विश्व पर्यटनको २० देखि २५ प्रतिशतसम्म हिस्सा ओगट्ने आकलन गरिएको छ।

आरोग्य पर्यटन भनेको स्वास्थ्य पर्यटनकै एउटा अंश पनि हो। आरोग्य पर्यटनको बजार तथ्याङ्क हेर्दा, आरोग्य पर्यटनमा नेपाल १४३ देशमध्ये ९१औँ स्थानमा रहेको छ। नेपालको आरोग्य पर्यटन अर्थतन्त्र करिब २.०२ अर्ब अमेरिकी डलर बराबर छ। आरोग्य पर्यटकले अन्य पर्यटकको तुलनामा ३० देखि ३५ प्रतिशत बढी खर्च गर्ने अध्ययनले देखाएको छ। आरोग्य पर्यटनमा योगको निकै ठूलो भूमिका छ। योगले व्यक्तिलाई स्वस्थ रहन र रोग भइसकेको अवस्थामा त्यसको व्यवस्थापन गर्न सहयोग गर्छ। त्यसैले आजकाल आरोग्यका लागि यात्रा गर्ने क्रममा योग एउटा अभिन्न अंश पनि बनेको छ। योगले आरोग्य पर्यटनमा निम्न कुराहरुमा सहयोग गर्न सक्छः

**१ मानसिक आरोग्यता र तनावबाट मुक्ति**

विश्व स्वास्थ्य सङ्गठनका अनुसार अहिले तनाव एक महामारीको रुपमा रहेको छ। योसँगै हरेक व्यक्तिमा तनाव एन्जाइटी डिप्रेसनजस्ता मानसिक समस्याहरु देखिँदै आएका छन्। फलस्वरूप धेरै आरोग्य पर्यटनमा तनाव व्यवस्थापन र मानसिक आरोग्यता महत्त्वपूर्ण विषय बनेको छ। योगले मानसिक तनाव कम गर्दै चिन्ता रोग डिप्रेसनजस्ता रोगहरूलाई पनि कम गर्न सहयोग गर्छ भन्ने विभिन्न अनुसन्धानहरु छन्।

रोगले खुसी हर्मोन बढाउने तथा तनाव हर्मोनलाई कम गर्ने गरी यस्ता अवस्थाहरूमा फाइदा पु¥याउने प्रशस्त अध्ययनहरु भएका छन्। यसैलाई आत्मसाथ गरेर धेरै ठाउँमा योगका रिटिटहरु पनि सञ्चालन भएका छन् जसले मानसिक आरोग्यता र तनावको मुक्तिका लागि विशेष कार्य गर्दछन्।

**२. जीवनशैली रूपान्तरण**

पछिल्लो समय जीवनशैली जन्य विभिन्न रोगहरू उत्पन्न भएका छन्। जीवनशैलीजन्य रोगहरूमा मधुमेह, उच्च रक्तचाप, मोटोपन, शरीरका विभिन्न दुखाइहरु, डिप्रेसन, एन्जाइटी, पेटका रोगहरु आदि पर्दछन्। यी रोगहरूको प्रमुख कारण हेर्दा जीवनशैली नराम्रो हुनु नै प्रमुखका अवस्था छ। यसका लागि मान्छेहरुलाई जीवनशैली परिवर्तन गर्नुपर्छ भन्ने थाहा छ तर जीवनशैली परिवर्तन गर्नलाई अप्ठ्यारो छ र त्यसका लागि चाहिँ एकदमै शान्त वातावरणमा मान्छेले कसरि जीवनशैली व्यवथापन गर्ने भन्ने जस्ता कुराहरू चाहिँ सिक्नुपर्ने हुन्छ। अहिलेको जीवनशैली व्यवस्थापन भनेको डर मा आधारित छ र तिमीले यो यो जीवनशैली परिवर्तन गरेनौ भने यो यो रोग लागेर मर्न सक्छौँ भन्ने डरले चाहिँ जीवनशैली व्यवस्थापन पूरै दीर्घकालीन रुपमा व्यवस्थित हुँदैन भन्ने छ। योगले खुसीमा आधारित जीवनशैली परिवर्तन सिकाउँछ जसले गर्दा चाहिँ यो दीर्घकालीन रुपमा फाइदाजनक छ भनेर प्रमाणित भएको अवस्था छ। त्यसैले पछिल्लो समयमा आफ्नो जीवनशैलीलाई रूपान्तरण गर्नका लागि योगको भूमिकालाई लिएर विभिन्न योग रिट्रीट केन्द्र तथा आश्रममा आउने चलन छ। योगले रोगरोधक, स्वास्थ्यप्रवद्र्धक, उपचारात्मक, पुनःस्थापनात्मक चारै पक्षमा कार्य गर्छ। नेपाल आरोग्य पर्यटनको हब बन्ने सम्भावना उच्च छ।

नेपालको भौगोलिक विविधताअन्तर्गत तराईको न्यानो फाँटदेखि मध्य पहाडको समशितोष्ण र हिमाली भेगको स्वच्छ शीतल वातावरण योग साधनाका लागि बरदान सावित छन्। विश्वव्यापी आरोग्य पर्यटनको रङ्गमञ्चमा नेपालले योगलाई आफ्नो मुख्य पहिचानअर्थात् ब्रान्डका रूपमा स्थापित गर्न सक्ने प्रवल सम्भावना देखिन्छ। वर्षको बाह्रै महिना ऋतुअनुसारका फरक–फरक प्राकृतिक परिवेशमा योग रिट्रिटहरू सञ्चालन गर्न सकिने अनुपम पर्यावरणीय धरातल नेपालसँग सुरक्षित छ।

**३. उच्चस्तरको साधना**

हिमालयको काखमा बसेर गरिने योग र ध्यानलाई विश्वका धेरै साधकहरूले एउटा विशेष अवसर र सौभाग्यका रूपमा लिने गरेका छन्। नेपाल बुद्ध र विभिन्न ऋषिमुनिहरूको साधना गर्ने स्थल भएकाले यहाँको वातावरणमा नै बेग्लै प्रकारको आध्यात्मिक ऊर्जा पाइन्छ। यसले गर्दा आरोग्यताका लागि यात्रा गर्ने विदेशी पर्यटकहरू यहाँ निकै आकर्षित हुने गरेका छन्। लुम्बिनी, पोखरा, काठमाडौँका उच्च स्थान र हिमाली भेगमा विशेष योग रिट्रीट तथा आरोग्य केन्द्रहरू निर्माण गर्न सकेमा नेपालमा उच्चस्तरका धेरै पर्यटक ल्याउन सकिने प्रशस्त आधारहरू छन्।

**४. प्राकृतिक र वैकल्पिक उपचार सँगको संयोजन**

आरोग्य पर्यटनभित्र आयुर्वेद, प्राकृतिक चिकित्सा र स्पा थेरापीहरू पर्दछन्। योग यी सबै विधाको परिपूरक हो। उदाहरणका लागि, आयुर्वेदको डिटक्स (पञ्चकर्म) गरिरहेको व्यक्तिलाई शरीर हलुका बनाउन र ऊर्जा प्रवाह राम्रो गर्न योग आसनहरू गराइन्छ। यसले गर्दा आरोग्य पर्यटनका प्याकेजहरू अझ बढी प्रभावकारी बन्छन्।

**५. दीर्घकालीन र गुणस्तरीय पर्यटनको प्रवद्र्धन**

आरोग्य पर्यटनको एक महत्त्वपूर्ण अवयवका रूपमा योगले पर्यटन क्षेत्रको आर्थिक सबलीकरणमा विशेष योगदान दिइरहेको पाइन्छ। सामान्यतः अन्य पर्यटकहरू तीनदेखि पाँच दिनसम्म मात्र भुल्ने गरे तापनि योग र आरोग्यताका अभ्यासीहरू प्रायः एक हप्तादेखि एक महिना वा सोभन्दा लामो अवधिसम्म बस्ने गर्छन्। आफ्नो स्वास्थ्य र खानपानप्रति सचेत रहने यस्ता पर्यटकस्तरीय सेवाका लागि बढी खर्च गर्न इच्छुक हुने हुँदा यसबाट पर्यटन उद्योगले उल्लेख्य लाभ लिन सक्छ। योगका लागि शान्त र नैसर्गिक वातावरण अपरिहार्य हुने भएकाले यस्ता केन्द्रहरू सहरभन्दा टाढा ग्रामीण वा जङ्गलको निकट क्षेत्रमा स्थापना हुन्छन्। यसबाट पर्यटकीय लाभ स्थानीय स्तरसम्म पुगी ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सृजना हुन्छन्। सरकारले नेपाललाई आरोग्य पर्यटनको विश्व केन्द्र बनाउने १०० बुँदे कार्ययोजनामा 'योग, ध्यान, आयुर्वेद' ब्रान्ड बनाऊने घोषणा गरेको छ, नेपाल आरोग्य वर्ष २०२७ ले यो ब्रान्ड बनाउँदैछ। योग आरोग्य पर्यटनको मूलमन्त्र हो। प्रशस्त सम्भावनाहरूका बाबजुद आरोग्य पर्यटनको रङ्गमञ्चमा योगको भूमिकालाई संस्थागत र सुव्यवस्थित तुल्याउन केही चुनौती तथा अवरोधहरू विद्यमान देखिन्छन्:

**अन्तर्राष्ट्रिय प्रमाणीकरण र ब्रान्डिङको चुनौती**

नेपालमा योग प्रशिक्षणका अनेकौँ केन्द्रहरू सञ्चालित भए तापनि तिनलाई वैश्विक मापदण्डअनुरूपको 'वेलनेस रिसोर्ट' वा प्राज्ञिक एकेडेमीको रूपमा चिनाउन सकिएको छैन।

**२. विशिष्टीकृत वैज्ञानिक पाठ्यक्रमको अभाव**

परम्परागत आसन र अभ्यासमा मात्र सीमित नभई विदेशी साधकहरूको शारीरिक तथा मानसिक अभिलाषा (जस्तैः एन्टि–एजिङ, शोधन प्रक्रिया वा उपचारात्मक योग) लाई सम्बोधन गर्ने वैज्ञानिक प्याकेजहरूको कमी महसुस गरिएको छ।

**पूर्वाधार विकास र सहज पहुँचः**

योग साधनाका लागि उपयुक्त एकान्त र शान्त गन्तव्यहरूसम्म पुग्ने यातायात सञ्जाल भरपर्दो नहुँदा उच्चस्तरका अन्तरराष्ट्रिय पर्यटकहरू यस्तो सेवा लिन सङ्कोच मान्ने परिस्थिति छ। विश्व परिवेशमा आरोग्य पर्यटन केवल सौखिन विलासिता मात्र नभई दैहिक एवं मानसिक सन्तुलन कायम राख्ने अपरिहार्य आवश्यकताका रूपमा उदय भएको छ। यस सन्दर्भमा, यस मानवीय अभिलाषालाई सम्बोधन गर्ने सर्वोत्कृष्ट एवं वैज्ञानिक कडीका रूपमा योगको भूमिका अद्वितीय देखिन्छ। आरोग्य पर्यटनको यस बृहत्तर रङ्गमञ्चमा योगलाई आधारभूत स्तम्भका रूपमा प्रतिष्ठित गर्न नेपालले 'हिमालयन वेलनेस' को नवीन अवधारणालाई आत्मसाथ गर्नु श्रेयस्कर देखिन्छ। राज्यको नीतिगत तहबाटै योग पर्यटनलाई उच्च प्राथमिकतामा राख्ने, वैश्विक मापदण्डका वेलनेस रिसोर्टहरूलाई प्रवद्र्धन गर्ने र आधुनिक चिकित्सा प्रणालीसँग योग विज्ञानको तादात्म्य मिलाउँदै एकीकृत चिकित्सा पद्धतिको मार्ग प्रशस्त गर्नसकेमा यसले राष्ट्रिय अर्थतन्त्र र जनस्वास्थ्यको क्षेत्रमा युगान्तकारी रूपान्तरण सूत्रपात गर्न सक्ने प्रवल आधारहरू सुनिश्चित गर्दछ। (लेखक योग विशेषज्ञ हुन्) रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# जनमत जोगाउँदै सुशासन र आन्तरिक लोकतन्त्र सुदृढ गर्न रास्वपालाई नेताहरुको आग्रह




**सनद अधिकारी**
**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम राष्ट्रिय महाधिवेशनमा शुभकामना दिने अधिकांश नेताहरुले पार्टीले प्राप्त गरेको जनमत जोगाउन, आन्तरिक लोकतन्त्र सुदृढ गर्न र सुशासनको अभियानलाई प्रभावकारी रूपमा अघि बढाउन सुझाव दिएका छन् । नेपाली कांग्रेस सभापति गगनकुमार थापाले राजनीतिक दलहरू जनमतको कदर गर्दै सत्ताको उन्माद र आन्तरिक अहंकारबाट मुक्त रहनुपर्ने बताए । 'इतिहासमा राजनीतिक दलहरूले पाएको जनमत नेताहरूको अहंकार, आपसी टकराव र सत्ताको उन्मादका कारण पटकपटक दुर्घटनामा परेको छ । रास्वपाले यी दुवै अवस्थाको सामना गर्न नपरोस् र प्राप्त जनसमर्थनलाई सही ढङ्गले स्थिरताका निम्ति अगाडि बढाओस् ।'

नेपाली कांग्रेस र रास्वपाबीचको सम्बन्धलाई प्रष्ट पार्दै सभापति थापाले संसद्मा आफ्नो दल सशक्त प्रतिपक्षको भूमिकामा रहने उल्लेख गरे । उनले भने, 'नेपाली कांग्रेस रास्वपाको प्रतिस्पर्धी हो, दुश्मन होइन । हामी संसद्मा प्रतिपक्षमा छौँ । जहाँ औँला ठड्याउनुपर्ने हो, त्यहाँ औंला ठड्याउँछौँ, जहाँ ताली बजाउनुपर्ने हो त्यहाँ ताली बजाउँछौँ ।' पछिल्लो समय राजनीतिमा विगतलाई पूर्ण रूपमा नकार्ने प्रवृत्ति बढेकोप्रति चिन्ता व्यक्त गर्दै उनले प्रजातन्त्रका लागि भएको ऐतिहासिक सङ्घर्षलाई भुल्न नहुनेमा जोड दिए । उनले भने, 'चितवनमा निलो झण्डा फहराउँदै गर्दा विगत ३५ वर्षमा केही पनि भएन भनेर इतिहासलाई इन्कार नगर्नुहोला, तपाईंहरू जुन ठाउँमा उभिनुभएको छ, त्यहाँ मुनि प्रजातन्त्रका लागि लड्ने सहिदहरूको रगत र बलिदान जोडिएको छ । त्यो इतिहासलाई कसैले पनि बिर्सन मिल्दैन ।'

सभापति थापाले गरिबी, अज्ञानता, विभेद र अक्षमता नै देशको मुख्य दुश्मन भएको औँल्याउँदै यी साझा चुनौतीविरुद्ध र संविधान एवं व्यवस्थाको रक्षाका लागि रास्वपासँग सहकार्य हुने स्पष्ट पारे । उनले रास्वपाको स्थापनाको छोटो समयमै प्राप्त जनसमर्थनको प्रशंसा गर्दै महाधिवेशनको पूर्ण सफलताको कामनासमेत गरे ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले रास्वपाले छोटो समयमै हासिल गरेको राजनीतिक सफलता नेपाली इतिहासकै एउटा नयाँ क्रान्तिको कडी भएको बताए । उनले आफूले विगत १०–११ वर्षदेखि सुरु गरेको वैकल्पिक राजनीतिको अभियानको सबैभन्दा महत्त्वपूर्ण उपलब्धिका रूपमा रास्वपालाई लिएको स्पष्ट पारे । उनले आफूलाई सधैँ परिवर्तन र न्यायका पक्षमा उभिने एक निरन्तर विद्रोहीको रूपमा प्रस्तुत गर्दै आफ्नो सारा जीवन यसैमा सुम्पिएको उल्लेख गरे । रास्वपाको उदयलाई लिएर पुराना राजनीतिक दलहरूले वैदेशिक शक्तिको हात रहेको भनी लगाउने गरेको 'षड्यन्त्र सिद्धान्त' को खण्डन गर्दै उनले भने, "मेरा पुस्ताका साथीहरूलाई ठूलो भ्रम छ ।

उहाँहरू खाली यो दक्षिणले गरायो, उत्तरले गरायो, पश्चिमले गरायो भनेर कथा बुनेर बस्नुभएको छ । तर मेरो स्पष्ट धारणा के छ भने, समाज बदल्न हिँडेका युवा सधैँ सत्य र न्यायका पक्षमा उभिनुपर्छ र तपाईंहरू उभिनुभएको छ ।" रास्वपाले आन्दोलन र सङ्घर्षबाट मात्र नभई आधुनिक विज्ञान र प्रविधिको प्रयोग गरी जनताको मन जितेर यो ऐतिहासिक सफलता हासिल गरेको उनको भनाइ थियो ।

आफ्नो आलोचना गर्नेहरूलाई जवाफ दिँदै डा भट्टराईले भने, 'कतिपयले मलाई सोध्छनु के ललिपप पाएर यो उमेरमा रास्वपाको महाधिवेशनमा गएको ? म सारा जीवन मर्न तयार भएको मान्छे, मलाई केको ललिपप ? तपाईंहरूकै सद्भावले म मुलुकको प्रधानमन्त्री भइसकेको मान्छे हुँ, मलाई कुनै ललिपप चाहिँदैन, म त नेपाली जनता र युवा पुस्ताले देशमा सुशासन र समृद्धि पाएको हेर्न चाहन्छु ।' राजनीतिक क्रान्तिलाई एउटा 'रिले दौड'का रूपमा व्याख्या गर्दै पूर्वप्रधानमन्त्री डा भट्टराईले पहिलो पुस्ताका टङ्कप्रसाद आचार्य, पुष्पलालहरूले सुरु गरेको क्रान्तिलाई आफ्नो पुस्ताले गणतन्त्र र संविधानसभासम्म पु¥याएको र अब देशलाई सुशासन र समृद्धिको शिखरमा पु¥याउने जिम्मेवारी रवि लामिछाने र वालेन्द्र शाहको नयाँ पुस्ताको काँधमा आएको बताए । उनले रास्वपाको नयाँ नेतृत्वले आगामी पूरा पाँच वर्षको कार्यकाल दृढताका साथ पूरा गर्नुपर्नेमा जोड दिए ।

नेकपा (एमाले) का नेता प्रदीप ज्ञवालीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को काँधमा देश र लोकतन्त्रलाई सुदृढ बनाउने ऐतिहासिक जिम्मेवारी आएको बताए । यो महाधिवेशनले केबल नयाँ नेतृत्व मात्र चयन नगरी पार्टीको स्पष्ट राजनीतिक नीति, सिद्धान्त र मार्गचित्र तय गर्नुपर्नेमा उनले जोड दिए । 'रास्वपा राष्ट्रिय राजनीतिमा कुन स्थानमा उभिन्छ भन्ने कुराभन्दा पनि यसले संविधानवाद, विधिको शासन, मौलिक अधिकार, सामाजिक न्याय र उत्तरदायी राज्यको अवधारणालाई कसरी अगाडि बढाउँछ भन्ने कुरा महत्वपूर्ण रहन्छ', उनले भने । छोटो समयमा रास्वपाले प्राप्त गरेको जनमतलाई विश्व इतिहासका विभिन्न सन्दर्भसँग जोड्दै नेता ज्ञवालीले जनादेश पाउनु जत्तिकै महत्वपूर्ण त्यसको सही सदुपयोग गर्नु रहेको बताए । इतिहासमा जनमतको सही सदुपयोग र दुरुपयोगका फरकफरक दृष्टान्त रहेको उल्लेख गर्दै उनले रास्वपाले इतिहासका गलत शिक्षाहरूबाट सिकेर जनताको अनुहारमा उज्यालो ल्याउने गरी अघि बढ्नुपर्ने सुझाव दिए ।

लोकतन्त्रमा 'चेक एण्ड ब्यालेन्स'को ठूलो भूमिका हुने चर्चा गर्दै उनले न्यायालय, राष्ट्रपति र संसद्जस्ता राज्यका मुख्य संस्था सधैँ बलियो हुनुपर्ने तथा जनताका आलोचनात्मक स्वरहरूलाई सम्मान गरिनुपर्ने धारणा राखे । उनले रास्वपाभित्र काम गर्ने तीव्र हुटहुटीसँगै आवश्यक संयम र कानुनी सन्तुलन कायम रहन सकोस् भन्दै महाधिवेशनको पूर्ण सफलताको कामना गरे । नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य वर्षमान पुनले थिति बसाल्न चालिने जुनसुकै कदम पनि विधिसम्मत र संविधानको दायराभित्र हुनुपर्ने बताएका छन् । उनले सुशासन र भ्रष्टाचार नियन्त्रणको अभियानमा आफ्नो पार्टी र रास्वपाबीच कार्यगत सहकार्य रहँदै आएको उल्लेख गरे ।

पुनले भने, 'भ्रष्टाचार र विकृति अन्त्य तथा सुशासनको एजेन्डामा हामी सँगै थियौँ, छौँ र रहनेछौँ । यस सन्दर्भमा एउटा सुझाव र आग्रह छ, थिति बसाल्न चालिएका कदमहरू विधिसम्मत र संविधानभन्दा बाहिर नहोऊन् भन्नेमा तपाईंहरूको पर्याप्त ध्यान पुग्ने नै छ ।' उनले पृष्ठभूमि र कार्यशैली फरक भए पनि क्रान्ति, परिवर्तन र समाज रूपान्तरणका मुद्दामा दुवै शक्तिबीच निकटता रहेको दाबी गरे । 'हामी दुवै शक्तिले निरन्तरतालाई क्रमभङ्ग गरेर आफ्नो राजनीतिक बाटो तय गरेका हौँ,' उनले भने, 'सुशासनको एजेन्डामा नेपाली कम्युनिष्ट पार्टी र रास्वपाको जतिको निकट सहकार्य सायद अरूका बीचमा भएको छैन ।'

सङ्घीय समावेशी लोकतान्त्रिक गणतन्त्र विभिन्न ऐतिहासिक आन्दोलन र सहिदहरूको बलिदानको जगमा स्थापना भएको स्मरण गर्दै उनले वर्तमान राजनीतिक प्रणालीप्रति रास्वपाबाट अझ उच्च तहको प्रतिबद्धताको अपेक्षा गरिएको बताए । पहिलो पटक देशव्यापी रूपमा पूर्ण सङ्गठनको आकारमा जान लागेको रास्वपाको यस महाधिवेशनले पार्टीमाथिका विविध प्रश्न, आरोप र आशङ्काहरूलाई मेट्दै वैचारिक तथा सङ्गठनात्मक स्पष्टता प्रदान गर्ने विश्वाससमेत नेता पुनले व्यक्त गरे ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले देशमा विद्यमान समस्या नेताहरूमा मात्र नभई वर्तमान संविधान र संवैधानिक व्यवस्थामा समेत रहेको दाबी गरे । समारोहलाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले देशलाई सही निकास दिन राजनीतिक प्रणालीमै परिमार्जन आवश्यक रहेको औँल्याए । उनले भने, 'इतिहासले तपाईंहरूलाई एउटा यस्तो विशिष्ट अवसर दिएको छ, जुन कुनै पार्टी वा व्यक्तिको जीवनमा बारम्बार आउँदैन । यदि यो अवसर चुक्यो भने, यसले तपाईंको पार्टीलाई मात्र होइन, सिङ्गो देशलाई नै ठूलो धोका हुनेछ ।'

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले मुलुकको समृद्धि र परिवर्तनका लागि राजनीतिक दलहरू सङ्कुचित दायराभन्दा माथि उठ्नुपर्ने बताए । उनले महाधिवेशनहरू केबल नयाँ नेतृत्व चयन गर्ने थलो मात्र नभई राष्ट्रिय राजनीति र जनअपेक्षालाई मार्गनिर्देश गर्ने कडी भएको उल्लेख गरे । 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै आर्थिक क्रान्ति र सामाजिक रूपान्तरणको दिशामा अघि बढ्नु आजको मुख्य आवश्यकता हो', अध्यक्ष यादवले भने । उनले जनअपेक्षाअनुरूप काम गर्न राजनीतिक दलहरूबीच साझा मुद्दामा सहकार्य हुनुपर्नेमा जोड दिँदै रास्वपा महाधिवेशनले मुलुकको समसामयिक चुनौतीलाई सम्बोधन गर्ने गरी ठोस नीति र रणनीति तय गर्ने विश्वास व्यक्त गरे । जनमत पार्टीका अध्यक्ष डा सीके राउतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम ऐतिहासिक महाधिवेशन केवल एउटा राजनीतिक भेला मात्र नभएर 'क्रान्तिको महोत्सव' भएको बताए । उनले देशभरिका ७७ वटै जिल्लाबाट अनेकन् कष्ट, ऋण र भोक सहेर पनि हजारौँ युवा भरतपुर ओर्लनु पद वा प्रतिष्ठाका लागि नभई देश बदल्ने एउटा साझा जुनुन र आर्थिक समृद्धिको चाहनाका कारण भएको उल्लेख गरे ।

संसदीय राजनीतिबाट आफू सन्यास लिइसकेको मान्छे भए तापनि आयोजकले यस ऐतिहासिक समारोहमा सम्झिएकामा आभार प्रकट गर्दै उनले भने, 'जुन सपना तपाईंहरूले देख्नुभएको छ, त्यही चाहना मैले पनि देखेको हुनाले म यहाँ कुनै प्रतिस्पर्धीका रूपमा होइन, तपाईंहरूको सहयात्री र सहयोगीका रूपमा शुभकामना दिन उपस्थित भएको हुँ ।' रास्वपाको पहिलो ऐतिहासिक राष्ट्रिय महाधिवेशनका अवसरमा एसियाका प्रमुख राजनीतिक दलहरूले ऐक्यबद्धता जनाएका छन् । महाधिवेशनमा रास्वपाका अन्तरराष्ट्रिय सम्बन्ध विभाग प्रमुख शिशिर खनालले अन्तरराष्ट्रिय क्षेत्रबाट प्राप्त शुभकामना सन्देशहरू वाचन गरेका थिए ।

एसियाली राजनीतिक दलहरूको सङ्गठन, भारतको भारतीय जनता पार्टी, चिनियाँ कम्युनिष्ट पार्टी तथा भुटान, बङ्गलादेश, पाकिस्तान, मलेसिया र दक्षिण कोरियाका सत्तारुढ तथा प्रमुख राजनीतिक दलहरूबाट समेत शुभकामना प्राप्त भएको खनालले बताए ।

कार्यक्रममा भरतपुर–२७ का थारु समुदायको डम्फु नाच प्रदर्शन गरिएको थियो भने केन्द्रीय सांस्कृतिक विभागले स्वागत गीत तथा नृत्यमार्फत अतिथिहरूलाई स्वागत गरेको थियो । महाधिवेशनको बन्दसत्र उद्योग सङ्घ चितवनको प्रदर्शनी केन्द्रमा सञ्चालन हुनेछ । बन्दसत्रमा चार हजारभन्दा बढी प्रतिनिधिको सहभागिता रहने पार्टीले जनाएको छ ।

## सरकारको 'एक्स्प्रेस' गाडी गन्तव्यमा पुगेर मात्र रोकिन्छः प्रधानमन्त्री



**चितवन**
प्रधानमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता वालेन्द्र शाहले वर्तमान सरकार 'एक्स्प्रेस' गाडी भएकाले गन्तव्यमा पुगेपछि मात्रै राकिने बताएको छ । रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रलाई आइतबार चितवनको भरतपुरमा सम्बोधन गर्दै उनले कतिपय राजनीतिक पार्टीहरुले सरकारको गति अनियन्त्रित हुने त होइन भनी गरेको टिप्पणीप्रति लक्षित गर्दै भने, हाम्रो सरकार 'एक्स्प्रेस वेमा गुडिरहेको गाडी हो, यो गन्तव्यमा पुगेर ब्रेक लाग्छ, अनियन्त्रित छैन ।

महाधिवशेनको उद्घाटन सत्रमा शुभकामना दिने क्रममा केही राजनीतिक दलका नेताले दिनुभएको सुझावलाई पार्टीले गम्भीर रुपले लिएको जनाउँदै प्रधानमन्त्री शाहले अहिलेको जनमतलाई स्वीकार गर्न आग्रह गरेका छन् ।

रास्वपाको वैचारिक दृष्टिकोणका बारेमा चिन्ता नलिन आग्रह गर्दै उनले रास्वपा विकासवादी पार्टी भएको बताएका छन् । रास्वपा काम गर्ने पार्टी हो, प्रतिशोध साँध्ने पार्टी होइन, पुराना कुरालाई लिएर निहुँ खोज्ने पार्टी होइन, उनले भने ।

सरकारी सम्पत्ति र रकम दोहन भएको अवस्थामा विद्यमान सरकार कठोर ढङ्गबाट प्रस्तुत हुने उनको भनाइ थियो । प्रधानमन्त्री शाहले भने, सरकारले नियमकानुन मिच्दैन, नियममै बसेर काम गर्छ, नियमभन्दा बाहिर जाँदैन, हामी निहुँ खोज्ने पार्टी होइन ।

**'हाम्रो भूमिको प्रमाण हामीसँग छ'**

प्रधानमन्त्री शाहले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपालको भूमि भएको स्पष्ट पार्दै ती भूभाग नेपालकै भएको प्रमाण सरकारसँग रहेको बताए ।

हामीले ब्रिटिसलाई मध्यस्थकर्ता राख्न खोजेका होइनौँ, तर ब्रिटिसकालीन शासनका समयमा यससम्बन्धी कुनै प्रमाण छ भने सहयोग लिन खोजेका हौँ, उनले भने, हामी छिमेकीसँग आफैँ कुरा गरेर सीमासम्बन्धी विषय मिलाउँछौँ, हामीसँग हाम्रो भूभाग रहेको प्रमाण छ । त्यसमा आशङ्का लिनु पर्दैन । आफ्नो राष्ट्रियताप्रतिको दृष्टिकोणमा कसैले पनि आशङ्का मान्नु नपर्नेमा उनको प्रष्टीकरण थियो ।

**'पार्टीमा गुट, उपगुट नगरौँ'**

वरिष्ठ नेता शाहले पार्टीको महाधिवेशनमा गुट उपगुट बनाउने पुराना पार्टीका अभ्यासलाई रास्वपाले स्थान नदिने बताए । राम्रो नेता र राजनीतिज्ञ बन्नलाई जनताको माया जित्नुपर्छ, कुनै समूहको मायाले हुँदैन, समूह बनाउनेतर्फ नलाग्नुहोला, त्यो बिउ अहिले नै नरोप्नु, कि भोलि त्यो रुख बनेर बीचबाट फाँड्नु नपरोस् । हामीले पुरानाहरुबाट यो सिक्नुपर्छ, उनले भने ।

उनले रास्वपा नयाँ पार्टी भएकाले नयाँ सोचका साथ अघि बढेको स्पष्ट पारेका छन् । हामीले यही कार्यकालमा सुकुमबासी र सहकारी ठगीसम्बन्धी समस्या समाधान गर्छौं । आगामी चुनावमा यही 'एजेण्डा' बोकेर जाँदैनौँ, अब नयाँ एजेण्डा लिएर जान्छौँ, प्रधानमन्त्रीले भने । अहिले रास्वपाको सरकार भएकाले हरेक मन्त्री, सांसद, पदाधिकारी, केन्द्रीय सदस्य, कार्यकर्ता र जनता नै प्रधानमन्त्री भएको उनको भनाइ थियो । पार्टीलाई एकढिक्का बनाउनुपर्नेमा जोड दिँदै उनले भने, आज, भोलि र पर्सी पार्टीका बारेमा सोचौँ, त्यसपछाडि पाँच वर्ष देशका बारेमा सोचौँ ।

## रास्वपाले प्रतिसोधको राजनीति गर्दैनः सभापति लामिछाने



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आफ्नो पार्टीले प्रतिशोधको राजनीति नगर्ने स्पष्ट पारेको छ । चितवनको भरतपुरमा आयोजित पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभापति लामिछानेले पार्टीले प्राप्त गरेको जनमतलाई आत्मसात गरी कसैप्रति पनि प्रतिशोध नसाँध्ने बताएको छ । उनले राजनीतिक दलहरुबीच भएका वैमनस्यता पनि यहीँबाट अन्त्य गरी सहयोग र सहकार्यका साथ देश र जनताको पक्षमा काम गर्ने उल्लेख गरेका छन् ।

पार्टीभित्र गुट–उपगुटको अभ्यास हुन नदिने उल्लेख गर्दै सभापति लामिछानेले महाधिवेशनमार्फत एकताको सन्देश दिइने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले पुराना राजनीतिक दलले बेहोरेको अनुभवबाट पाठ सिकेर गुटरहित ढङ्गले अघि बढ्न सके रास्वपालाई कुनै शक्तिले पराजित गर्न नसक्ने उनको भनाइ थियो ।

रास्वपा लड्यो भने आफ्नै घुँडामा अल्झेर लड्छ, रास्वपालाई लडाउने अरू कसैको तागत छैन, उनले भने, गुट र उपगुटले दिने फल विषालु हुन्छ । त्यस्तो फल फल्यो भने वृक्ष नै काट्नुपर्ने अवस्था आउँछ । हामी अहिले कस्तो बीउ रोप्ने भन्ने मोडमा छौँ । रास्वपा देशको साझा राजनीतिक मञ्चका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्दै उनले पछिल्लो समय गैरराजनीतिक क्षेत्रका व्यक्ति पनि राजनीतिमा आउन थालेको बताएका छन् ।

सभापति लामिछानेले नेपाली कांग्रेस र नेकपा (एमाले)भित्र देखिएका समस्या समाधान गर्न सुझाव दिँदै समस्या समाधान नभए मुलुकलाई नै अप्ठ्यारो पर्ने बताएका छन् । हामीले इतिहासलाई जवाफ दिनुपर्नेछ । राष्ट्रिय राजनीति राम्रो हुन हाम्रो पार्टी मात्रै राम्रो भएर पुग्दैन, अरू दल पनि सुध्रिनुपर्छ, उनले भने, कांग्रेस र एमालेभित्र देखिएका अप्ठ्यारा समाधान भएनन् भने देशलाई समस्या पर्छ ।

सभापति लामिछानेले पूर्वसहमति अनुसार नै सरकार अघि बढेको भन्दै प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले लक्ष्यअनुसार काम गरिरहेको बताएका छन् । सरकार सञ्चालन गर्ने पूर्वसहमति अनुसार रास्वपाका वरिष्ठ नेता बालेन शाहको खुट्टामा बल पुगेको छ ।

गोल हान्ने जिम्मा उनलाई नै छ । झुक्किएर मेरो खुट्टामा बल आएछ भने पनि पास गरेर उनको खुट्टामा पु¥याउने जिम्मा मेरो हो, लामिछानेले भनेका छन् ।

## हामी राजनीतिक संस्कार बदल्न आएका हौँः डा वाग्ले



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डा स्वर्णिम वाग्लेले आफ्नो पार्टी नेपालको राजनीतिक पुनर्जागरणको अभियान भएको बताएका छन् । पार्टीको चौँथो स्थापना दिवसको अवसरमा चितवनमा आयोजित प्रथम महाधिवेशनलाई सम्बोधन गर्दै अर्थमन्त्रीसमेत रहेका उनले रास्वपा सकारात्मक परिवर्तनको आकाङ्क्षाको राजनीतिक अभिव्यक्ति भएको बताए ।

डा वाग्लेले आफूहरूको उद्देश्य केबल सरकार परिवर्तन मात्र नभई राजनीतिक संस्कार परिवर्तन गर्नु रहेको धारणा राखे । रास्वपा विवेक, विधि र नियममा आधारित शासन प्रणाली, योग्यता प्रणाली तथा नागरिक केन्द्रित लोकतन्त्रका पक्षमा रहेको उनले स्पष्ट पारे । उनले रास्वपा पुरानो पुस्तासँग सङ्घर्ष गर्न नभई नयाँ राजनीतिक संस्कार स्थापित गर्न आएको उल्लेख गरे ।

नेता डा वाग्लेले भने, नयाँ पुस्ताले केबल प्रश्न सोध्न मात्र होइन, उत्तर दिन र शासन सञ्चालन गर्न पनि सक्छ भन्ने प्रमाणित गर्नुपर्छ । भविष्यको नेपालको परिकल्पना प्रस्तुत गर्दै उनले उदार लोकतन्त्र, प्रतिस्पर्धी अर्थतन्त्र, समन्यायिक समाज र सक्षम राज्य निर्माण रास्वपाको लक्ष्य रहेको बताए । उनले अवसरका लागि युवाले विदेशिनुपर्ने बाध्यता अन्त्य हुने, किसान र श्रमिकले सम्मानपूर्वक बाँच्नसक्ने तथा उद्यमीले निर्भय भएर लगानी गर्न सक्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए ।

अर्थमन्त्री डा वाग्लेले आत्मनिर्भर र आत्मविश्वासी नेपाल निर्माणका लागि नागरिकको क्षमता, संस्थागत सुदृढता र राष्ट्रिय आत्मविश्वासलाई केन्द्रमा राख्नुपर्ने उल्लेख गरे । पार्टीको महाधिवेशनलाई नेपालको राजनीतिक पुनर्जागरणको प्रारम्भको रूपमा चित्रण गर्दै निराशालाई आशामा, आक्रोशलाई निर्माणमा र विद्रोहलाई रूपान्तरणमा बदल्ने अभियानमा सहभागी हुन सबैलाई आह्वान गरे । गैरजिम्मेवारीबाट जवाफदेहितातर्फ, संरक्षणवादबाट प्रतिस्पर्धातर्फ र बरालिएको राजनीतिबाट परिणाममुखी लोकतन्त्रतर्फको यात्राको उद्घोष हुन्छ, नेता डा वाग्लेले भने । रास्वपाको प्रथम महाधिवेशन चितवनमा जारी छ । महाधिवेशनमा विभिन्न राजनीतिक दलका नेताहरूले सम्बोधन गर्दै छन् । रासस

## रास्वपाको महाधिवेशनमा विभिन्न पार्टीपार्टीको तर्फबाट शुभकामना

राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशनको उद्घाटनसत्रमा विभिन्न राजनीतिक दलका शीर्ष नेता र प्रतिनिधिले शुभकामना दिएका छन् ।

चितवनको भरतपुरमा जारी महाधिवेशनको उद्घाटनसत्रमा नेपाली कांग्रेसका सभापति गगन कुमार थापा, नेकपा (एमाले) का नेता प्रदीपकुमार ज्ञवाली, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का नेता वर्षामान पुन, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले शुभकामना दिएका छन् ।

साथै जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त राउतले पनि महाधिवेशनको सफलताको कामना गरेका छन् ।

नेताहरूले छोटो समयमा रास्वपा राष्ट्रिय राजनीतिको मियो बन्न सफल भएकामा प्रशंसा गर्दै यस प्राप्त जनमतलाई जनअपेक्षा अनुसार पूरा गर्न सक्नुपर्नेमा जोड दिएका छन् । उनले वर्तमान सरकारले गरेका राम्रा कामको समर्थन रहने स्पष्ट पारेका छन् ।

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## किसानलाई प्रविधिसँगै जोड्दै



**कैलाली ।**
कैलालीमा सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले किसानलाई नयाँ प्रविधिसँगै जोडेको छ । जिल्लामा सञ्चालित 'गहुँ सुपरजोन', 'तेलहन जोन', 'धान जोन' र 'माछा जोन' कार्यक्रममा विभिन्न आधुनिक यन्त्र उपकरणमार्फत किसानलाई नयाँ प्रविधिसँगै जोड्दै लगेको हो । परम्परागत खेतीलाई व्यावसायिक र यन्त्रमैत्री बनाउन चालु आवमा अनुदानमा विभिन्न किसिमका आधुनिक कृषि औजार कृषकहरुलाई वितरण गरिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख सन्जु उपाध्याय रिमालले जानकारी दिए ।

जानकी गाउँपालिका–४ मुनुवास्थित विज वृद्धि कृषि सहकारी संस्था लिमिटेडलाई ७५ प्रतिशत अनुदानमा चार पाङ्ग्रे धान रोप्ने यन्त्र प्रदान गरिएको उनले जानकारी दिए । उक्त यन्त्रबाट १२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सुरु भएको छ । धान रोप्ने यन्त्रले रोपाइँमा धेरै सहज हुन थालेको उक्त सहकारी संस्थाका अध्यक्ष विजयकुमार कठरियाले बताए । उनले भने, धान रोप्ने कामदार पाउन समस्या छ । रोपाहारले धान रोप्दा महँगो पर्छ, समय पनि बढी लाग्छ । यन्त्रले काम छिटो हुन्छ, लागत पनि कम लाग्छ ।

त्यसैगरी, भजनी नगरपालिका–६ नवलपुरस्थित शुभकामना सामुदायिक कृषक समूहलाई चक्लाबन्दीमा चैतेधान कार्यक्रममा कृषि यान्त्रीकरणअन्तर्गत ५० प्रतिशत अनुदानमा तीन वटा पावर टिलर, आठ ओटा सिँचाइ मोटर, तीन वटा डिजल इन्जिन, एउटा रोटाभेटर, विषादी, डेलिभरी पाइपलगायतका सामान वितरण गरिएको कार्यालय प्रमुख रिमालले जानकारी दिए । मासु निर्यातका लागि राँगा÷भैँसी प्रवद्र्धन कार्यक्रम, युवा लक्षित पशुपन्छी तथा उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत विभिन्न क्रियाकलाप गरिएको पनि बताए । एकाइको अनुदान सहयोगमा जिल्लामा भएका विभिन्न कार्यक्रमहरुको शनिबार जिल्ला समन्वय समिति कैलालीका प्रमुख टीकाकुमारी चौधरीको नेतृत्वमा सरोकार भएका अन्तरनिकाय संयुक्त अनुमन टोलीले अनुगमन गरेको थियो ।

अनुगमनपछि प्रतिक्रिया दिँदै समन्वय समिति प्रमुख चौधरीले राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाले समयानुकुल यन्त्र औजार वितरण गरेर किसानलाई सहज बनाएको बताए । जिल्लामा गहुँ सुपरजोन आर्थिक वर्ष २०७३÷७४, तेलहन जोन आव २०७४÷७५, धान जोन आव २०७८÷७९ र माछा जोन आव २०८१÷८२ मा सुरु भएको थियो । एकाइले किसानलाई ५० प्रतिशत अनुदानमा बीउ, विषादी, यन्त्र उपकरणलगायत सामग्री वितरण गर्दै आएको छ । रासस

# रघुनाथ ठाकुरको ४५औं स्मृति दिवसः

## ओझेलमा पारिएका मधेश राजनीतिका 'महामानव'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश आन्दोलन र राजनीतिक चेतनाका मार्गदर्शक, अमर शहीद रघुनाथ ठाकुरको ४५औं स्मृति दिवसको अवसरमा जनकपुरधामको जनक चोकमा सडक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। मधेश महासभाको आयोजनामा भएको उक्त कार्यक्रममा राजनीतिकर्मी, बौद्धिक वर्ग, युवा अभियन्ता र सञ्चारकर्मीहरूले शहीद ठाकुरको योगदानको स्मरण गर्दै वर्तमान मधेशी नेतृत्वको अकर्मण्यताप्रति गम्भीर चिन्ता व्यक्त गरे।



कार्यक्रममा बोल्ने वक्ताहरूले रघुनाथ ठाकुरलाई केवल एक शहीदका रूपमा मात्र नभई मधेशको हक-अधिकार, पहिचान र स्वाभिमानको जग बसाल्ने वैचारिक निष्ठाको प्रतिकका रूपमा चित्रण गरे।

सडक अन्तरक्रियामा आफ्नो प्रखर धारणा राख्दै मधेश महासभाका संस्थापक बीपी साहले वर्तमान मधेशी दल र तिनका शीर्ष नेताहरूमाथि कडा आक्रोश पोखे। "मधेश राजनीतिका वास्तविक संस्थापक नै रघुनाथ ठाकुर हुन्," साहले भने, "तर विडम्बना! आज तिनै ठाकुरको राजनीतिक एजेन्डा र क्रान्तिकारी विचारधारालाई सत्तामा पुग्ने भऱ्याङ बनाइयो। नेताहरूले उहाँकै नाम र मुद्दा बेचेर कुर्सी त पाए, तर सत्ताको न्यानोमा पुगेपछि ठाकुरको योगदान र आदर्शलाई चटक्कै बिर्से।"

मधेशको समकालीन राजनीति गलत दिशामा गइरहेको उल्लेख गर्दै साहले अब पुराना ढर्राबाट आन्दोलन अघि बढ्न नसक्ने स्पष्ट पारे। "अहिलेका स्थापित मधेशी दलहरूलाई मधेशकै जनताले पूर्ण रूपमा अस्वीकृत गरिसकेका छन्। त्यसैले अब मधेशका मुद्दाहरूमाथि पुनरविचार हुनुपर्छ। पुराना मागहरूलाई समयसापेक्ष परिमार्जन र परिष्कृत गर्दै मधेशको राजनीतिमा एउटा नयाँ, स्वच्छ र क्रान्तिकारी सुरुवातको खाँचो छ," साहले थपे।

"मधेशको इतिहासमा रघुनाथ ठाकुर यस्ता बौद्धिक र क्रान्तिकारी व्यक्तित्व हुन्, जसले राज्यको विभेदकारी नीतिविरुद्ध संगठित र वैचारिक रूपमा पहिलो पटक आवाज बुलन्द गरेका थिए।" साहले भने, " मधेशको माटोमा जन्मिएका ठाकुर अध्ययनशील र दूरदर्शी नेता थिए। तत्कालीन पञ्चायती व्यवस्थाको कठोर दमनका बीच पनि उनले मधेशी समुदायको नागरिक अधिकार, भाषिक समानता र प्रशासनिक प्रतिनिधित्वका लागि आवाज उठाए।"

मधेश प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष डा. सोहन साहका अनुसार ठाकुरले मधेशको मागलाई भावनात्मक मात्र नभई बौद्धिक रूपमा संस्थागत गरे। डा. साह भन्छन्, "शहीद ठाकुरले मधेशका लागि प्रमुख तीनवटा ऐतिहासिक काम गर्नुभयो। पहिलो, मधेशका मुद्दाहरूलाई संस्थागत गर्न लिखित दस्तावेज र पुस्तकहरू तयार पार्नुभयो। दोस्रो, उहाँ नै त्यस्तो पहिलो व्यक्ति हुनुहुन्थ्यो जसले मधेशको उत्पीडन र मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुभयो। र तेस्रो, सिंगो मधेश आन्दोलनलाई वैचारिक जगमा संस्थागत गर्ने काम उहाँले नै गर्नुभयो।"

वि.सं. २०३७ असारमा उनको रहस्यमय र दुःखद अवसान भयो। मधेशी अधिकारको पक्षमा निरन्तर वकालत गरेकै कारण तत्कालीन शासक वर्गको कोपभाजनमा परी उनले ज्यान गुमाउनुपरेको इतिहास छ। उनको यही बलिदानले उनलाई 'अमर शहीद' र मधेशको 'महामानव'का रूपमा स्थापित गऱ्यो।

अन्तरक्रियामा युवा नेता बिरेन्द्र यादवले वर्तमान नेतृत्वको आलोचना गर्दै अब युवाहरू नै अग्रसर हुनुपर्ने समय आएको बताए। "आजका प्रमुख मधेशी नेताहरूले राजनीति के हो र मधेशको मुद्दा के हो भन्ने कुरा शहीद ठाकुरकै विचारबाट सिकेका हुन्," यादवले भने, "ठाकुर मधेशका महामानव हुन् र उहाँको विचारको ऊर्जा आज पनि उत्तिकै सान्दर्भिक छ। अब मधेशी युवाहरू पुराना नेताहरूको स्वार्थको पछि लाग्नु हुँदैन।"यादवले अगाडि थपे, "अब मधेश महासभाको अगुवाइमा सम्पूर्ण देशभक्त र क्रान्तिकारी युवाहरू एकजुट हुनुपर्छ। हामीले एउटा संयुक्त र सशक्त राजनीतिक धार निर्माण गरेर रघुनाथ ठाकुरको अधुरो सपना र विचारलाई साकार पार्न अगाडि बढ्नुपर्छ।"

सञ्चारकर्मी मनोज मोरबैताले सञ्चालन गरेको उक्त स्मृति सभामा विभिन्न राजनीतिक दल आबद्ध युवाहरूका साथै स्वतन्त्र बौद्धिक व्यक्तित्वहरूको उपस्थिति थियो। जनक चोकमा भेला भएका सहभागीहरूले शहीद रघुनाथ ठाकुरको तस्बिर अगाडि मैनवती बालेर श्रध्दान्जली दिएका थिए। सडकबाट सुरु भएको यो बहसले वर्तमान मधेशी नेतृत्वलाई आत्मालोचना गर्न र युवाहरूलाई नयाँ विकल्पको खोजी गर्न स्पष्ट सन्देश दिएको छ।

### फ्रान्समा गर्मीको कहरः

# बालबालिकालाई खेल्दा सावधानी अपनाउन सुझाब, सेनालाई पनि मौसमजन्य सावधानीका लागि चेतावनी

**पेरिस ।**
युरोपका केही भागमा बढिरहेको भीषण गर्मीको सामना गर्न फ्रान्सले आइतबार आपतकालीन सेवा र सेनालाई जङ्गली आगो (डढेलो) को खतरासम्बन्धी चेतावनी जारी गरेको छ । सार्वजनिक स्थलहरूमा रक्सी पिउन प्रतिबन्ध लगाएको छ र केही खुला आकाशमा खेलिने खेलकुद कार्यक्रमहरू रद्द गरेको छ ।

आइतबार फ्रान्सको करिब एक तिहाई भागमा राष्ट्रिय मौसम सेवाको 'तापक्रम वृद्धिसम्बन्धी खतरा' को चेतावनी जारी गरिएको छ । पूरै देशमा अत्यधिक गर्मी छ । केही क्षेत्रमा आइतबार तापक्रम ४० डिग्री सेल्सियससम्म पुग्ने अनुमान छ । सोमबार अझ बढी गर्मी हुने अनुमान गरिएको छ ।

जोखिम घटाउन राष्ट्रिय तथा स्थानीय अधिकारीहरूले विभिन्न उपायहरू अपनाएका छन् । भीडलाई चिसो राख्न एफेल टावर र पेरिसका अन्य स्थानहरूमा 'मिस्टिङ स्टेसन' (चिसोको फोहोरा छोड्ने मेसिन) जडान गरिएको छ ।

**चार वर्षमा दुई लाखभन्दा बढीको गर्मीजन्य समस्याबाट मृत्यु**

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) को युरोप कार्यालयले पछिल्ला चार वर्षमा युरोपमा गर्मीसम्बन्धी कारणले दुई लाखभन्दा बढी व्यक्तिको मृत्यु भएको बताएको छ । सङ्गठनले यीमध्ये धेरैजसो मृत्यु रोक्न सकिने थिए भनेको छ । यो गर्मीमा औसतभन्दा बढी तापक्रम रहने अपेक्षा छ, जसले गर्मीबाट अत्यधिक थकान र घातक 'हीट स्ट्रोक' (लू लाग्ने) हुन सक्छ ।

**देशहरूलाई गर्मीबाट बच्न योजना लागू गर्न सुझाव**

डब्ल्युएचओको युरोप कार्यालयले देश तथा संस्थाहरूलाई देशहरूलाई गर्मीबाट बच्न योजना (हिट प्लान) लागू गर्न आग्रह गरेको छ । कर्मचारीहरू दिउँसोको तीव्र घामबाट बच्न सकून् भनी शीतल क्षेत्रको निर्माण गरी कामको बीचबीचमा यसको उपयोग गराउने, आराम दिने वा लचकतापूर्ण कामको समय सुरु गर्ने व्यवस्थाको थालनी गर्न सुझाब दिएको छ ।



आइतबार फ्रान्समा हुने वार्षिक 'म्युजिक दिवस' अधिकारीहरूका लागि विशेष चिन्ताको विषय बनेको छ । गर्मीको सबैभन्दा लामो दिन (समर सोल्स्टिस) को अवसरमा आयोजित यो देशव्यापी उत्सवमा गाउँका चोक र पेरिसका क्लबहरूमा हजारौँ कन्सर्टहरू हुन्छन् । यसमा ठूलो सङ्ख्यामा विदेशी पर्यटकहरू पनि आउँछन् ।

**रक्सीमा नियन्त्रणको आदेश**

सरकारले इमर्जेन्सी सेवाहरूमाथि दबाब कम होस् र चिकित्सक तथा स्वास्थ्यकर्मीप्रति सबैभन्दा कमजोर व्यक्तिहरूको हेरचाहमा ध्यान केन्द्रित गर्न सकोस् । म्युजिक डे कार्यक्रमका आयोजकहरूलाई रक्सीको प्रयोग सीमित गर्न आदेश दिएको छ ।

अधिकारीहरूलाई विशेष रूपमा गर्मीमा सडकमा बसिरहेका मानिसकासाथै नर्सिङ होममा रहेका वा घरमा एक्लै बस्ने वृद्धहरूको । वर्ष २००३ मा आएको भीषण गर्मीमा करिब १५ हजार वृद्धहरूको मृत्यु भएको थियो, जुन फ्रान्सका लागि ठूलो पाठ बनेको थियो ।

**डढेलो र परमाणु प्लान्टमा विशेष निगरानी**

सरकारले शनिबार जङ्गलको आगोबाट बच्ने तयारीलाई थप मजबुत बनाउने घोषणा गरेको छ र फ्रान्सका धेरै परमाणु रियाक्टरहरूमा पानी आपूर्तिमा कडा निगरानी राख्न निर्देशन दिएको छ । सरकारले विद्यालय बन्द गर्ने निर्णय अन्तिम विकल्पको रूपमा लिने बताएको छ । तर दिउँसो हुने वर्षको अन्तिम परीक्षाहरूलाई अर्को बिहानसम्म सारे वा समय परिवर्तन गर्न सकिनेछ ।

प्रधानमन्त्री सेबेस्टियन लेकोर्नूले शनिबार गर्मी सङ्कटबारे सरकारी बैठक बोलाउनुभएको थियो र आइतबार अर्को बैठक गर्ने योजना बनाएका छन् । यो कदम राष्ट्रिय मौसम सेवाले गर्मीको 'व्यापक, लामो समयसम्म चल्ने र तीव्र' चरणको चेतावनी दिएपछि उठाइएको हो । भविष्यमा लूको राम्रोसँग सामना गर्न फ्रान्सलाई तयार पार्ने योजना बनाउन र 'आवश्यक परे एयर कन्डिसनिङको प्रयोग' गर्ने पनि लेकोर्नूले मन्त्रीहरूलाई निर्देशन दिएको छ । रासस

# जुम्लामा तीन हजार ६७१ मेट्रिकटन सिमी उत्पादन

**जुम्ला ।**
जुम्लामा एक वर्षमा तीन हजार ६७१ मेट्रिकटन सिमी उत्पादन भएको छ । कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीका अनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लाबाट उक्त परिमाणको सिमी बिक्रीबाट रु एक करोड ३३ लाख ९२ हजार आम्दानी भएको बताए ।

जिल्लाभार दुई हजार २५७ हेक्टर क्षेत्रफलमा सिमी उत्पादन हुने गरेको छ । पछिल्लो समयमा सिमीको माग बजारमा अत्यधिक आउने गरेसँगै जुम्लाका किसान सिमीखेतीतर्फ आकर्षण बढ्दै गएको कृषि विकास कार्यालय प्रमुख अधिकारीको भनाइ छ । सिमी किसानका लागि महत्वपूर्ण नगदेबालीका रूपमा स्थापित हुँदै गएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिए ।

तिला गाउँपालिका, तातोपानी, चन्दननाथ, कनकासुन्दरी, पातारासी, हिमा, तातोपानी र गुठीचौर क्षेत्रका किसानले सिमीखेतीबाट राम्रो आम्दानी गरेका छन् । सिमी उत्पादनको अवस्था राम्रो भए पनि बजार व्यवस्थापन र मूल्य निर्धारणमा एकरुपता नहुँदा किसानलाई समस्या भएको तिला गाउँपालिका–१ किसान करन बुढाले बताए ।

जिल्लाको सबैभन्दा बढी सिमी उत्पादनको केन्द्रका रूपमा चिनिने गरेको तिलाको रारागाउँका किसानले गत वर्षमा किसानले न्यूनतम तीन क्विन्टलदेखि १२ क्विन्टलसम्म सिमी उत्पादन गरेको वडा सदस्य बिजकली बुढाले जानकारी दिए ।

सिमीको पकेट क्षेत्र भनेर राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ जुम्लाले तिला–१ रारालाई सिमी जोन कार्यक्रम लागू गरेको छ ।

उक्त पालिको वडा नं १ सहित २, ८ र ९ वडाको आठ सय क्षेत्रफल हेक्टरमा सिमीको व्यावसायिक उत्पादन तथा प्रशोधन केन्द्रको विकास गर्न सिमी जोन कार्यक्रम सञ्चालन गरिएको जिल्लास्थित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख खेमराज शाहीले बताए ।

सिमीले उचित मूल्य नपाएपछि स्थानीय व्यापारीमार्फत प्रतिकेजीको १५० मा बिक्री गर्न बाध्य भएको तिलाका किसान बताउँछन् । किसानलाई उन्नत बीउ, प्राविधिक सहयोग तथा व्यावसायिक खेतीसम्बन्धी तालिम प्रदान गर्दै आएको कृषि विकास कार्यालय जनाएको छ । रासस

# शवसहित पूर्वपश्चिम राजमार्ग अवरुद्ध

**मधेशदृष्टि**
**सिरहा ।**
सवारी दुर्घटनामा गम्भीर घाइते भई उपचारका क्रममा एक रिक्सा चालकको मृत्यु भएपछि सिरहामा आक्रोशित स्थानीयवासीले शवसहित पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका छन् ।

धनगढीमाई नगरपालिका–१० निवासी ४५ वर्षीय कृष्णकुमार महतो को उपचारका क्रममा शनिबार मृत्यु भएपछि उनका आफन्त र स्थानीयवासीले आइतबार धनगढीमाई बजार क्षेत्रमा शव बोकेको एम्बुलेन्स सडकमा राखेर प्रदर्शन गरेका हुन् ।

स्थानीयका अनुसार महतो सिटी रिक्सा चलाएर परिवारको जीविकोपार्जन गर्दै आएका थिए । शुक्रबार साँझ उनले रिक्सा रोकेर दही किन्न सडक पार गर्ने क्रममा तीव्र गतिमा आएको मोटरसाइकलले ठक्कर दिएको थियो । दुर्घटनापछि गम्भीर घाइते भएका उनलाई प्रारम्भिक उपचारपछि नोबेल अस्पताल पठाइएको थियो, जहाँ उपचारकै क्रममा उनको मृत्यु भएको बताइएको छ ।

दुर्घटनामा संलग्न मोटरसाइकल चालक घटनालगत्तै फरार भएको र हालसम्म पक्राउ नपरेको भन्दै स्थानीयले दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा न्याय सुनिश्चित गर्न माग गरेका छन् । प्रहरी परिचालन गरेर आवगमन सहज बनाएको जिल्ला प्रहरी कार्यालय सिरहा का निमित्त प्रवक्ता प्रहरी निरीक्षक नरेश लिम्बुले जानकारी गराएका छन् ।

# रक्त सञ्चारकेन्द्र रेडक्रस सोसाइटी भवनमा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नारायणी अस्पताल छेउमा रहेको नेपाल रेडक्रस सोसाइटीद्धारा सञ्चालित रक्त सञ्चार केन्द्र आइतबारदेखि वीरगंजको घण्टाघर नजिक रहेको रेडक्रस सोसाइटीको भवनमा सञ्चालन गरिएको छ ।



नारायणी अस्पताल छेउमा रहेको ब्लड बैंक भवन मेनरोड विस्तारका क्रममा भत्काइने छि रेडक्रस सोसाइटी पर्सा शाखाले आइतबारदेखि ब्लड बैंक घण्टाघर नजिकको रेडक्रस सोसाइटीको भवनबाटै सञ्चालनमा ल्याएको हो ।

अब ब्लड बैंकको सबै सेवा आइतबारदेखि रेडक्रस सोसाइटी पर्सा शाखाकै भवनबाट सुरु गरिएको रेडक्रस सोसाइटी पर्सा शाखाका सभापति बृजकिशोर पटेलले जानकारी दिए ।

# निको कप महिला टि–ट्वान्टी क्रिकेटः

## लुम्बिनीलाई पराजित गर्दै कोशी विजयी

**जनकपुरधाम ।**
जनकपुरधामस्थित रामजानकी बहुउद्देश्यीय रङ्गशालामा सञ्चालित निको कप महिला टि–ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा लुम्बिनी प्रदेशलाई पराजित गर्दै कोशी प्रदेशले दोस्रो जित हासिल गरेको छ । वर्षाका कारण प्रभावित खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित पाँच ओभरमा पाँच विकेट गुमाएर १८ रनको योगफल बनायो । लुम्बिनीका कुनै पनि ब्याटरले दोहोरो अङ्क जोड्न सकेनन् ।

लुम्बिनीलाई कम रनमा समेट्न कोशीका रिया शर्मा र रुबिना क्षेत्रीले समान दुई÷दुई विकेट हात पारे । उन्नाइस रनको झिनो लक्ष्य लिएर मैदान प्रवेश गरेको कोशीले तीन ओभरमा विना कुनै क्षति लक्ष्य भेटायो । कोशीका लागि काजल श्रेष्ठ र अप्सरी बेगमले अविजित १९ रनको साझेदारी गर्दै टिमलाई महत्वपूर्ण जित दिलाएका हुन् । यो जितसँगै कोशी दुई खेलबाट चार अङ्क जोड्दै शीर्ष स्थानमा छ ।

यसअघि शनिबार भएको उद्घाटन खेलमा कोशीले मधेस प्रदेशलाई २० रनले पराजित गरेको थियो । आजै हुने दोस्रो खेलमा मधेस र कर्णाली प्रदेशबीच प्रतिस्पर्धा हुनेछ ।

मधेस खेलकुद परिषद्का सदस्य सचिव शिवजीप्रसाद गुप्ताका अनुसार प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेस खेलकुद परिषद् तथा नेपाल खेलकुद महासङ्घको संयोजनामा सुरु भएको प्रतियोगितामा सात प्रदेश र दुई विभागीय टिम आर्मी र एपिएफ गरी नौ वटा टिमले सहभागिता जनाएका छन् । प्रतियोगिता यही असार १४ गतेसम्म जनकपुरधाम र वीरगञ्जमा सञ्चालन हुनेछ । रासस

# पोखरा बसपार्कभित्रका ३२० सटर हटाइयो



**कास्की ।**
पोखराको पृथ्वीचोकस्थित प्रस्तावित बसपार्कको जग्गामा अनधिकृत रूपमा बनाइएको बास्तोला कम्प्लेक्सका ३२० सटरलगायत संरचना महानगरले शनिबार डोजर प्रयोग गरी हटाएको छ । पोखरा बसपार्क निर्माणको अभियानमा रहेको महानगरपालिकाले
पृथ्वीचोकस्थित सेती नदीपट्टिको बास्तोला कम्प्लेक्स हटाएको हो । महानगरपालिका र जग्गाधनीका बीचमा संरचना हटाउने सहमतिअनुसार व्यवसायीले सटर खाली गरेका थिए ।
पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कम्प्लेक्सका सञ्चालक र त्यहाँ व्यवसाय गरेर बसिरहेका व्यवसायीसँग निरन्तर छलफल तथा संवादपछि खाली गर्ने सहमति भएको बताए । उनका अनुसार बसपार्क निर्माण गर्ने अभियानमा सहयोग गर्ने समझदारीका साथ कम्प्लेक्स पूर्ण रूपमा हटाइएको हो ।
हामीले जग्गाधनीसँग सहमति गरेका थियौँ । सोहीअनुसार खाली गरिएको हो । सुकुम्बासी बस्तीमा भने व्यवस्थापन नगरी हटाउने छैनौँ, उनले भने । महानगरले यसअघि असार ४ गते बसपार्क प्रवेशद्धारमा रहेका सटरमा डोजर चलाएको थियो । महानगरपालिकाले खाली गरेको बास्तोला कम्प्लेक्सको जग्गा व्यक्तिका नाममा दर्ता भएको पाइएको छ । विसं २०३० मा बसपार्कका लागि अधिग्रहण गरिएको भए पनि पछि पोखरा उपत्यका नगर विकास समितिले अधिग्रहित जग्गाभित्र सट्टाभर्ना तथा घडेरी वितरण गर्ने निर्णय गरेको थियो ।
महानगरले पछिल्लो समय जग्गा सट्टाभर्नाको निर्णयलगायतका विषयमा छानबिनका लागि पूर्वन्यायाधीशको नेतृत्वमा न्यायिक समितिसमेत गठन गरेको छ । सो समितिको प्रतिवेदन अझै पेस हुनसकेको छैन । महानगर प्रमुख आचार्यले लालपुर्जा भएका जग्गाधनीको छानबिन पनि द्रुतगतिमा भइरहेकाले केही दिनमै वास्तविकता सार्वजनिक हुने बताए । पोखरा–९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बसपार्कको सम्पूर्ण जग्गा खाली गरिने बताए । उनले बसपार्कको जग्गा अतिक्रमण गरी बसेका सुकुम्बासीलाई वैकल्पिक व्यवस्थापनको काम पनि अघि बढाइएको बताए । महानगरले यही असार ४ गतेदेखि बसपार्कका संरचना हटाउन सुरु गरेको हो ।
बसपार्कको ठूलो क्षेत्रभित्र बसेका वास्तविक सुकुम्बासीको अन्यत्र व्यवस्थापन गरेरमात्र सो क्षेत्रमा डोजर चल्छ । अहिले सुकुम्बासीको अन्यत्र जग्गा भए/नभएको बारेमा छानबिन भइरहेको छ, वडाध्यक्ष मर्सानीले भने ।
महानगरले सुकुम्बासी बस्तीका ५७२ परिवारमध्ये हालसम्म ३३७ परिवारको 'डकुमेन्ट भेरिफिकेसन' सम्पन्न भएको र बाँकीको समेत छिट्टै सकिने जनाएको छ । महानगर प्रमुख आचार्यले केही सुकुम्बासीले तीनपुस्ते सही विवरण नदिएको तथा झुटा विवरणसमेत दिएको पाइएको बताउँदै छानबिनका लागि समय लागेको बताए । रासस

# स्याफ्रुबेँसी–रसुवागढी खण्डमा स्तरोन्नति गरिँदै



**रसुवा ।**
स्याफ्रुबेँसी–रसुवागढी खण्डमा सडक स्तरोन्नति तीव्र गतिमा भइरहेको छ । नेपाल र चीनबीचको ऐतिहासिक मित्रता, व्यापारिक सम्बन्ध तथा आर्थिक सहकार्यलाई थप मजबुत बनाउने उद्देश्यले गल्छी–त्रिशूली–मैलुङ–रसुवागढी अन्तरराष्ट्रिय राजमार्गअन्तर्गत
स्याफ्रुबेँसीबाट रसुवागढीसम्म स्तरोन्नति थालिएको हो । उक्त खण्डको स्तरोन्नतिका लागि चीन सरकारले आर्थिक तथा प्राविधिक सहयोग गरेको गल्छी–त्रिशूली–मैलुङ–रसुवागढी सडक आयोजना कार्यालयले जनाएको छ । यसअघि पनि उक्त सडक चीन सरकारले निर्माण गरिदिएको सडक विभागले जनाएको छ । चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा चिनियाँ निर्माण कम्पनीमार्फत सञ्चालित आयोजनाले सडकलाई आधुनिक, सुरक्षित र दिगो बनाउने लक्ष्यसहित निर्माणलाई गति दिइएको आयोजनाका स्थलगत अनुगमनकर्ता एवं इञ्जिनियर कुमार पराजुलीले बताए । नेपालको उत्तरी व्यापारिक नाकाका रूपमा परिचित रसुवागढीलाई अझ व्यवस्थित र सुविधा सम्पन्न बनाउने यो आयोजना नेपाल–चीन सहकार्यको अर्को महत्त्वपूर्ण उदाहरणका रूपमा हेरिएको उनको भनाइ छ ।
इञ्जिनियर पराजुलीका अनुसार पहिलो चरणमा विभिन्न स्थानमा मेसिनरी टेवा पर्खाल निर्माण, पहरा कटिङ तथा सडक सुरक्षासम्बन्धी संरचना निर्माण तीव्र गतिमा भइरहेको छ । कतिपय स्थानमा पर्खाल निर्माण र पहरा कटिङको काम सुरु भए पनि लाङ्टाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने केही स्थानमा रूख कटानको अनुमति प्राप्त हुन नसक्दा कुनातर्फको कटिङमा केही ढिलाइ भइरहेको उनले जानकारी दिए ।
गत पुसदेखि सुरु भएको स्तरोन्नति हालसम्म करिब सात प्रतिशत काम भएको आयोजनाले जनाएको छ । निर्माण कम्पनीले रोङ्गा दोभानमाथि राजमार्ग नजिकै कामदार तथा प्राविधिकहरूको आवास निर्माण गरिसकेको छ । आवासीय व्यवस्थाले कार्यस्थलमा जनशक्ति परिचालन गर्न सहज भएकाले दिनरात निर्माण सञ्चालन भइरहेको इञ्जिनियर पराजुलीले बताए ।
'नेपाल सरकारले निर्माणलाई सहज बनाउन स्थानीय खोलाबाट आवश्यक गिट्टी, बालुवा सङ्कलन गर्ने अनुमति प्रदान गरिसकेको छ । तर सडक विस्तारका क्रममा कटान गर्नुपर्ने रूखको स्वीकृति समयमा प्राप्त हुन नसक्दा केही क्षेत्रमा निर्माणको गति प्रभावित भएको छ', उनले भने ।
करिब १६ किलोमिटर लम्बाइ रहेको स्याफ्रुबेँसी–रसुवागढी खण्डको स्तरोन्नति सम्पन्न गर्न ३९ महिनाको समयावधि निर्धारण गरिएको छ । सडक स्तरोन्नति सम्पन्न भएपछि नेपाल–चीनबीचको व्यापार, पर्यटन, पारवहन तथा जनस्तरको आवागमन अझ सहज र प्रभावकारी हुने अपेक्षा गरिएको छ ।
यसैबीच टिमुरे क्षेत्रमा विसं २०६५ मा अधिग्रहण गरिएको सडकको दायाँबायाँको क्षेत्रभित्र स्थानीय बासिन्दाले पुनः घरटहरा निर्माण गरेकाले त्यस्ता संरचना हटाउन सम्बन्धित पक्षलाई सूचना जारी गरिएको आयोजना कार्यालयले जनाएको छ । गत वर्षको असार २४ गते ल्हेन्दे खोलामा आएको बाढी र भोटेकोशी नदीको कटानका कारण सडकका विभिन्न भागमा ठूलो क्षति पुगेको थियो ।
विशेष गरी तातोपानी डाँडा, घट्टेखोला, घट्टेखोलाको दक्षिणी भीर तथा टिमुरे गाउँमुनिको पाखोलगायत क्षेत्रमा सडक संरचना कमजोर बनेपछि स्तरोन्नति कार्यलाई थप प्राथमिकता दिइएको इञ्जिनियर पराजुलीले उल्लेख गरे ।
नेपाल र चीनबीचको शताब्दीयौँ पुरानो व्यापारिक तथा सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने विश्वासका साथ अघि बढाइएको यो परियोजनाले उत्तरी नाकाको पूर्वाधार विकासमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ । सडक स्तरोन्नतिसँगै रसुवागढी नाका हुँदै हुने द्विपक्षीय व्यापार विस्तार, पर्यटन प्रवद्र्धन तथा क्षेत्रीय आर्थिक गतिविधिमा उल्लेखनीय वृद्धि हुने स्थानीय तथा सरोकार भएकाहरूले विश्वास व्यक्त गरेका छन् । रासस

# धवलागिरिका दुर्गम गाउँमा सडक सञ्जालको पहुँच

**म्याग्दी ।**
अग्लाअग्ला भिरपाखा । कठिन पहाडी भूगोल । विकासको आधारभूत सुविधा नभएका बस्ती । एक गाउँबाट अर्को गाउँ पुग्न घण्टौँसम्म उकालोओरालो हिँड्नुपर्ने बाध्यता । विगतका वर्षहरूमा म्याग्दीको धवलागिरि गाउँपालिकाको चिनारी यस्तै दुर्गम र विकट भूगोलको संघर्षका कथाबाट हुने गथ्र्यो । तर समयसँगै त्यो चित्र फेरिँदै गएको छ । सडक पूर्वाधारको विस्तारसँगै धवलागिरिका दुर्गम गाउँबस्तीमा विकासका सुविधा उक्लन थालेका छन् ।
सडक यातायातको क्षेत्रमा गाउँपालिकाले हासिल गरेको उपलब्धिले वर्षौंदेखि दुर्गम र विकटताको पहिचान बोकेका बस्तीलाई क्रमशः सहज पहुँचको सुविधामा ल्याउन थालेको छ । धवलागिरि गाउँपालिका–१ गुर्जामा सडक सञ्जालको पहुँच पुगेसँगै म्याग्दीका ४५ वटै वडामा सडक सञ्जालको पहुँच विस्तार भएको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए । 'यो वर्षमात्रै गुर्जामा सडकको पहुँच पुर्याउन सफल भयौँ, अब यसलाई स्तरोन्नति गरेर नियमित सञ्चालन हुने सडक बनाउनेतर्फ पहल थालेका छौँ, सडक निर्माणले स्थानीयलाई यातयातको सुविधा दिएको छ, सँगै गाउँमा हुने कृषि र पशुजन्य उत्पादनको बजारीकरणमा समेत सघाउने विश्वास लिएका छौँ', अध्यक्ष पुनले भने ।
विसं २०७९ मा भएको स्थानीय तह निर्वाचनसम्म मुना र खोरियाको बीचमा पर्ने मतलाको अक्करे भिरमा रोकिएको सडकलाई गाउँपालिकाले प्राथमिकताका साथ अघि बढाएर लुलाङ हुँदै गुर्जामा सडक पुगेको हो ।
प्रदेश र सङ्घीय सरकारका साथै गाउँपालिकाबाट प्राथमिकताका साथ बजेट विनियोजन भएपछि वडा नं २ लुलाङदेखि गुर्जासम्मको करिब २२ किलोमिटर लामो सडकको ट्याक निर्माणले पूर्णता पाएको गाउँपालिका अध्यक्ष पुनले जानकारी दिए ।
आर्थिक वर्ष २०८०÷८१ देखि लुलाङबाट गुर्जा जोड्ने सडक निर्माण सुरु भएको थियो । पहिलो वर्ष सङ्घ, प्रदेश र स्थानीय सरकारको दुई–दुई करोड साझेदारीमा छ करोड, दोस्रो वर्ष सङ्घ र स्थानीय सरकारको ३५–३५ लाख गरी ७० लाख र चालु आवमा सङ्घीय सरकारको एक करोड ४० लाख तथा स्थानीय सरकारको ३५ लाख गरी एक करोड ७५ लाख बजेटलाई ठेक्कामार्फत परिचालन गरेर गुर्जालाई सडक सञ्जालमा जोडिएको गाउँपालिकाले जनाएको छ ।
सडक सञ्जालको पहुँच नहुँदा गुर्जाबाट गाउँपालिकाको केन्द्र मुना आउन सर्वसाधारणले एक दिनको पैदलयात्रा गर्नुपर्ने बाध्यता थियो । अहिले सडक सुविधाले पालिकाको सेवा लिन गाउँपालिका आएका नागरिक एकैदिनमा घर फर्कन सक्ने सुविधा भएको छ । गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माण सुरु गरेको छ ।
गाउँपालिकाभित्र पछिल्लो चार वर्षको अवधिमा भएका भौतिक पूर्वाधारमध्ये सडक सञ्जालको पहुँच निर्माण सबैभन्दा ठूलो उपलब्धिको रूपमा रहेको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनले जानकारी दिए । उनका अनुसार यस अवधिमा महतलाको भिरमा रोकिएको सडक लमसुङ, लुलाङ हुँदै गुर्जा, मरेनीदेखि पर्यटकीयस्थल जलजला–गुर्जाघाट हुँदै ढोरपाटन सडक सञ्जालमा जोडिएका छन् ।
मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प र म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाको 'लाइफलाइन' मानिएको
बेनी–दरवाङ–मुना–जलजला–ढोरपाटन सडक काठमाडौं र पोखराबाट बेनी हुँदै ढोरपाटन र पूर्वीरुकुम जोड्ने छोटो दूरीको सडक पनि हो ।
चालु आवमा सङ्घीय सरकारले विनियोजन गरेको रु पाँच करोड बजेटबाट सडक डिभिजन कार्यालय बागलुङले सञ्चालन गरेको योजनामार्फत म्याग्दीको धवलागिरि–२ मरेनीदेखि ढोरपाटनको जलजलासम्म सडकको ट्याक निर्माण भएको हो । वडा नं ४ मुदीमा निर्माणाधीन जलविद्युत् आयोजनामार्फत खिबाङ, बगर, दोभान, चेचुङलगायत बस्तीमा सडक सञ्जालको पहुँच पुगेको छ भने नेरवाङ बस्तीमा सडक विस्तार भइरहेको छ ।
मुदीको बगर फेदीबाट सिङ्गोस बगरमा र मल्कबाङदेखि भेडिखाल्टा बस्तीमा सडक सञ्जालको पहुँच पुर्याउन बाँकी छ । चालु आवमा गाउँपालिकाबाट विनियोजन भएको ३० लाख बजेटबाट सडकको ट्याक निर्माण भए पनि भेटिखाल्टामा सडकको ट्याक जोडिएको छैन । पालिकाले माग गरेबमोजिम सङ्घीय सरकारबाट आगामी वर्षका लागि सङ्घीय समपूरक कोष् अन्तर्गत ८५ लाख बजेट विनियोजन भएकाले आगामी वर्ष भेडिखाल्टामा सडकको पहुँच पुग्ने प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिए ।
पहाडी जटिल भूगोलको चुनौतीका बीच यस वर्ष धवलागिरिका अधिकांश गाउँबस्तीमा सडक सञ्जालको पहुँच विस्तार हुनुले यस पालिकाका स्थानीयमा विकासप्रतिको सकरात्मक धारणाको विकास गराएको छ ।
पहिले पैदलयात्रामा निर्भर रहनुपर्ने स्थानीय अहिले गाउँसम्मै सडक पुगेपछि दैनिक जीवन, कृषि उत्पादनको ढुवानी, स्वास्थ्य सेवा तथा शिक्षाजस्ता आधारभूत सेवामा सहजता अनुभव गर्न थालेका छन् ।
सडक पुगेसँगै दुर्गम बस्ती विकास र समृद्धिको मूलधारसँग जोडिने क्रमले गति लिएको छ । कुनै समय दुर्गमताको पर्याय मानिने धवलागिरिमा आज सडक सञ्जाल विस्तारमार्फत सर्वसाधारणलाई परिवर्तनको आभास दिलाएको छ । गाउँगाउँमा पुगेको सडकले स्थानीयको जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउनुका साथै विकासका सम्भावनाका नयाँ ढोका पनि खोलिदिएको छ । रासस

# योगाभ्याससहित मनाइयो अन्तरराष्ट्रिय योग दिवस



**काठमाडौँ ।**
'स्वस्थ वृद्धावस्थाका लागि योग' नाराका साथ आईतबार अन्तरराष्ट्रिय योग दिवसका अवसरमा शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत गठित मूल समारोह समितिले योगाभ्याससहित प्रवचन कार्यक्रम सम्पन्न गरेको छ ।
त्यस अवसरमा मुख्यसचिव सुमनराज अर्यालले राष्ट्रिय रूपमा योग, ध्यान र आरोग्य दिवस मनाउने निर्णय गरिसकेको बताएका छन् । विद्यालय तहदेखि नै योग, ध्यान र आरोग्यका पाठ्यक्रम तर्जुमा गरी पठनपाठन पनि सुरु भइसकेको उनले जानकारी दिए । योगको धेरै प्रचारप्रसार भए पनि जनमानसले धेरै फाइदा लिन नसकेकाले अब त्यसतर्फ लैजान जागरण सुरु भइसकेको मुख्यसचिव अर्यालले बताएका छन् ।
मन्त्रालयका सचिव चुडामणि पौडेलले स्वस्थ र निरोगिताका लागि नियमित रूपमा योगाभ्यास गर्नुपर्नेमा जोड दिए । मानसिक रूपमा स्वस्थ रहेर समाज र राष्ट्रलाई पनि स्वस्थ बनाउन योगले सहयोग गर्ने उहाँको भनाइ थियो । जीवन विज्ञान नेपालका एलपी भानु शर्माले शारीरिक, मानसिक, आध्यात्मिक दुःख निवारणका साथै समृद्धिका माध्यमका रूपमा अघि बढाउनुपर्ने भनाइ राख्नुभयो । नेपालको प्रस्तावमा संयुक्त राष्ट्र सङ्घले आरोग्य दिवसको घोषणा गरेको जानकारी पनि उनले दिएका छन् ।
अन्तरराष्ट्रिय योग दिवस हरेक वर्ष जुन २१ तारिखका दिन विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी मनाइन्छ । संयुक्त राष्ट्र सङ्घको महासभाले सन् २०१४ मा गरेको निर्णय अनुसार सन् २०१५ जुन २१ देखि अन्तरराष्ट्रिय योग दिवस मनाउन थालिएको हो ।
विसं २०३६ माघ १ गतेदेखि मुलुकमा योग दिवस मनाउन प्रारम्भ भएको हो । दशरथ रङ्गशालामा भएको आजको कार्यक्रममा योगासनका साथै यसको महत्वका बारेमा जानकारी गराइएको थियो । रासस

# पानीको अभावले मर्चवार लिफ्ट सिँचाइ सञ्चालनमा समस्या



**रुपन्देही ।**
तिनाउ नदीमा पानीको सतह घटेपछि मर्चवार लिफ्ट सिँचाइ आयोजनाको पम्पस्टेसन सञ्चालनमा समस्या भएको छ । रोपाइँका साथै कतिपय स्थानमा बीउ राख्ने समयमा नदीमा पर्याप्त पानी नहुँदा सिँचाइ सेवा प्रभावित बनेको हो ।
मर्चवार लिफ्ट सिँचाइ जल उपभोक्ता संस्थाका अध्यक्ष राजेन्द्र यादवका अनुसार लामो समयदेखि वर्षा नहुँदा तिनाउ र दानव नदीमा पानीको सहत घट्दै गएपछि समस्या भएको हो । नदीमा पानीको सतह पम्पले पानी तान्न मिल्ने न्यूनतम स्तरभन्दा तल झरेपछि नियमित सिँचाइ सेवा पु¥याउन कठिनाइ भएको उनले बताए ।
अध्यक्ष यादवले भने, रोपाइँ सुरु भइसकेको छ । किसान सिँचाइका लागि मर्चवार लिफ्ट आयोजनामा निर्भर छन् । तर, नदीमा पर्याप्त पानी नहुँदा पम्प नियमित सञ्चालन गर्न समस्या भइरहेको छ । पाँच वटा पम्प जडान भए पनि पानीको अभावका कारण हाल तीन वटा पम्प मात्र सञ्चालनमा छन् । उनका अनुसार दानव नदीबाट बग्ने पानीलाई रोक्न कम्तीमा पाँच फिट उचाइको बाँध (ड्याम) निर्माण गर्न सके नियमित रूपमा पानी आपूर्ति गर्न सहज हुनेछ । पम्पस्टेसन प्रबन्धक अकरम खानले नदीको पानी आयोजनाको डिजाइनअनुसार तोकिएको न्यूनतम स्तरभन्दा करिब एक दशमलव पाँच मिटर तल झरेको जानकारी दिए । यस्तो अवस्थामा पम्प सञ्चालन गर्दा मोटर तथा अन्य उपकरणमा क्षति पुग्ने जोखिम बढेकाले चलाउन नसकिएको उनको भनाइ छ ।
'विद्युत् आपूर्ति र उपकरणको अवस्था राम्रो छ । तर, पानीको अभावका कारण लामो समयसम्म मोटर चलाउँदा उपकरण बिग्रिन सक्ने सम्भावना भएकाले सावधानी अपनाउनुपरेको हो', खानले भने । हाल तिनाउ नदीका विभिन्न भागमा पानी सुकेर घाँस उम्रिन थालेको छ । नदी किनारका जमिन चिरा पर्न थालेका छन् भने बीच भागमा बालुवा र माटो देखिन थालेको छ । यस्तो अवस्थाले सिँचाइमा मात्र नभई समग्र कृषि उत्पादनमा समेत गम्भीर असर पार्ने सङ्केत देखिएको उनले बताए ।
यसैबीच, रोपाइँका समयमा पर्याप्त पानी नपाउँदा किसान चिन्तित बनेका छन् । कतिपय किसानले रोपेको धान सुक्ने डर व्यक्त गरेका छन् भने केहीले अझै रोपाइँ सुरु गर्न सकेका छैनन् । आकाशे पानीको भरमा बसेका किसानहरू दिनहुँ वर्षा हुने आशामा आकाशतिर हेर्न बाध्य छन् । मर्चवार क्षेत्रको कृषि उत्पादन मुख्यतः उक्त सिँचाइ आयोजनाको पानीमा निर्भर छ । यदी पानीको अभाव हुँदै गएमा धान उत्पादनमा कमी आउने र किसानहरूले ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्थाको सिर्जना हुनसक्ने स्थानीय हृदयराम गुप्ताले बताए । स्थानीय बासिन्दाका अनुसार मर्चवार लिफ्ट सिँचाइ आयोजनाले खेतीपातीका साथै भू–जलको सतह सन्तुलित राख्न समेत महत्वपूर्ण भूमिका खेलेको छ । आयोजनाबाट पर्याप्त पानी आपूर्ति हुन नसके भविष्यमा खानेपानीको स्रोतमा समेत असर पर्नसक्ने भन्दै स्थानीयहरूले चिन्ता व्यक्त गरेका छन् । रासस

## अन्तर्राष्ट्रिय योग दिवसः

# सप्ताहव्यापी योग शिविर सम्पन्न




**मधेशदृष्टि**
**वीरगंज।**
'स्वस्थ वृद्धावस्थाका लागि योग' भन्ने नाराका साथ जुन २१ अन्तर्राष्ट्रिय योग दिवस नेपालमा पनि विभिन्न कार्यक्रम आयोजना गरी◌ देशभर मनाएको छ । अन्तर्राष्ट्रिय योग दिवस हरेक वर्ष जुन २१ तारिखका दिन विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी मनाइन्छ। संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २०१४ मा गरेको निर्णयअनुसार सन् २०१५ जुन २१ देखि अन्तरराष्ट्रिय योग दिवस मनाउन थालिएको हो । यसैबिच अन्तराष्ट्रिय योग दिवसको अवसरमा वीरगंज स्थित भारतको महावाणिज्य दूतावासले आयोजना गरेको सप्ताहव्यापी योग शिविर आइतबार सम्पन्न भएको छ। 'गरौं योग, रहौं निरोग' मुख्य नारासहित जेठ ३० गतेदेखि वीरगंजस्थित शंकराचार्य गेट अगाडि सञ्चालित योग शिविर आइतबार भब्य रुपमा समापन भएको हो।

महावाणिज्य दूतावास, वीरगंजका महावाणिज्यदूत डी. एस. मिनाको अध्यक्षता भएको समापन समारोहमा, प्रमुख अतिथि मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले, मानवलाई शारिरिक तथा मानसिक रुपमा स्वस्थ, अनुशासित र सकारात्मक बनाउन योग अपरिहार्य रहेको बताए । कार्यक्रमका विशिष्ट अतिथि मधेश प्रदेशका कृषि मन्त्री श्याम पटेल, वनमन्त्री शंकर चौधरी, अतिथीहरू पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल तथा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमलगायतको सहभागिता थियो । सम्पन्न शिविरमा सहभागीहरूलाई बरिष्ठ योग गुरु धिरेन्द्र सिंह नेतृत्वको प्रशिक्षकहरूले योगाभ्यास गराएका थिए । योग दिवसको अवसरमा आयोजित विभिन्न कार्यक्रमहरूले समाजमा योगप्रति जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पु¥याउने आयोजक महाबाणिज्य दुतवासले विश्वास जाहेर गरेको छ। यस्तै भारतीय राजदूतावासको आयोजनामा पोखराको रङ्गशालामा योगाभ्यास गरेर योग दिवस मनाइएको छ । भारतीय राजदूतावासको आयोजनामा पोखरामा चौंथो पटक योग दिवस मनाइएको हो।

# सरकारको विज्ञापन नीति विरुद्ध सञ्चारक्षेत्र एकजुट



**मधेशदृष्टि**
**बुटवल।**
सरकारले निजी सञ्चारमाध्यममा सार्वजनिक सूचना तथा विज्ञापन प्रकाशन–प्रसारणमा लगाएको प्रतिबन्धविरुद्ध सञ्चार क्षेत्र एकजुट भएको छ।

बुटवलमा सुरु भएको चौथो राष्ट्रिय मिडिया सम्मेलनमा सहभागी सञ्चारकर्मी मिडिया सञ्चालक तथा सरोकारवालाहरूले उक्त निर्णय पुनर्विचार गर्न सरकारसँग आग्रह गर्दै यसलाई प्रेस स्वतन्त्रता र लोकतान्त्रिक अभ्यासमाथिको चुनौतीका रूपमा व्याख्या गरेका छन्।

प्रकाशन तथा प्रसारण संघ लुम्बिनीको आयोजना, नेपाल मिडिया सोसाइटीको सहआयोजनामा तथा बुटवल उपमहानगरपालिकाको सहकार्यमा शनिबारदेखि सुरु भएको दुईदिने सम्मेलनमा वक्ताहरूले सरकारी विज्ञापन वितरणसम्बन्धी पछिल्लो नीतिले निजी सञ्चारमाध्यमको अस्तित्व नै संकटमा पार्ने बताएका छन्।

सम्मेलन उद्धाटन गर्दै बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले सूचना प्रवाहको दायरा खुम्च्याउने कुनै पनि नीति व्यवहारिक नहुने बताए।

सो अवसरमा नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले सरकारको विज्ञापन नीतिलाई अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रत्यक्ष हस्तक्षेपको संज्ञा दिइन्।

# कमला नदीको डाइभर्सन भासियो, सिरहा–धनुषा आवागमन पूर्ण रूपमा अवरुद्ध



**जनकपुरधाम।**
सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीस्थित अस्थायी डाइभर्सन भासिएपछि आइतबार बिहानदेखि दुवै जिल्लाबीचको सवारी आवागमन पूर्ण रूपमा अवरुद्ध भएको छ । गएरातिको वर्षापछि कमला नदीको बहाव बढ्दा डाइभर्सनको ठूलो भाग थप भासिएको हो । यससँगै बिहानदेखि सवारीसाधन सञ्चालन पूर्ण रूपमा ठप्प भएको स्थानीयवासीले बताएका छन्।

सिरहाको बसबिट्टा क्षेत्रतर्फ करिब एक करोड २५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको तारजाली तथा माटोयुक्त अस्थायी डाइभर्सन केही महिनाअघि मात्रै सञ्चालनमा ल्याइएको थियो। तर वर्षा र नदीको बढ्दो बहावका कारण संरचना कमजोर बन्दै गएपछि आइतबारदेखि पूर्ण रूपमा प्रयोगविहीन बनेको छ।

स्थानीयका अनुसार डाइभर्सन क्षतिग्रस्त भएपछि सिरहा–धनुषा आवागमन प्रभावित भएको छ।

केही मोटरसाइकल चालकले जोखिम मोलेर नदी पार गर्ने प्रयास गरे पनि सुरक्षा जोखिमका कारण आवतजावत रोकिएको छ।

सवारी आवागमन बन्द भएपछि सर्वसाधारण डुङ्गाको भरमा नदी वारपार गर्न बाध्य भएका छन् । सिरहा नगरपालिका–५ स्थित बसबिट्टा घाटमा हाल डुङ्गामार्फत यात्रु ओसारपसार भइरहेको छ। वडाध्यक्ष इन्द्रजित यादवले यात्रुहरूले नदी पार गर्न प्रतिव्यक्ति १५० रुपैयाँ तिर्नुपर्ने अवस्था रहेको जानकारी दिए । डाइभर्सन बन्द भएपछि दैनिक कामकाज, व्यापारिक गतिविधि तथा विद्यार्थीहरूको आवागमनमा समेत समस्या उत्पन्न भएको उनले बताए।

यसैबीच, कमला नदीमाथि निर्माणाधीन पुल वर्षौंदेखि अलपत्र अवस्थामा रहेको छ । हुलाकी राजमार्गअन्तर्गत पर्ने उक्त पुलको ठेक्का २०६८ सालमै सम्झौता भए पनि पटकपटक म्याद थपिंदा समेत निर्माण कार्य सम्पन्न हुन सकेको छैन। बाढी, प्राविधिक समस्या तथा निर्माणमा भएको ढिलाइका कारण परियोजना लामो समयदेखि अधुरो रहेको स्थानीयको गुनासो छ। हरेक वर्ष वर्षायाममा डाइभर्सन बग्ने वा भासिने समस्या दोहोरिने गरेकाले स्थानीयवासीले स्थायी समाधानका लागि पुल निर्माण कार्य शीघ्र सम्पन्न गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । स्थानीयको भनाइमा, पुल निर्माणमा भएको ढिलाइले वर्षेनी हजारौं नागरिकलाई सास्ती खेप्न बाध्य बनाएको छ। डाइभर्सन बन्द भएसँगै पुनः एकपटक सिरहा र धनुषावासीले आवागमनको गम्भीर समस्या झेल्नुपरेको छ।

# जसपा नेपाल धनुषाको जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेला




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल धनुषाले जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेला आयोजना गर्ने भएको छ । पार्टीको जिल्ला समिति धनुषाका अनुसार असार ९ गते मंगलबार जनकपुरधाम उपमहानगरपालिका–४ स्थित रौनियार धर्मशालामा भेला आयोजना गरिनेछ।

भेलामा पार्टीका केन्द्रीय पदाधिकारी तथा सदस्यहरू, मधेश प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरू, क्षेत्रीय तथा प्रदेशसभा क्षेत्रीय समितिका पदाधिकारी तथा सदस्यहरू, पालिका तथा वडा समितिका पदाधिकारी तथा सदस्यहरूलाई सहभागी हुन आह्वान गरिएको छ।

यसैगरी, पार्टीका विभिन्न तहका भ्रातृ संगठनका पदाधिकारी तथा सदस्यहरू तथा धनुषा जिल्लाभित्रका निर्वाचित जनप्रतिनिधिहरूलाई समेत अनिवार्य रूपमा उपस्थित हुन आग्रह गरिएको छ । जिल्ला समितिले जारी गरेको सूचनाअनुसार संगठन सुदृढीकरण, आगामी राजनीतिक कार्यक्रम तथा पार्टीका गतिविधिबारे छलफल गर्ने उद्देश्यले भेला आयोजना गर्न लागिएको हो।

पार्टीले सम्बन्धित सबै नेता, कार्यकर्ता तथा जनप्रतिनिधिहरूलाई समयमै उपस्थित भई कार्यक्रम सफल बनाउन अनुरोध गरेको छ।

जसपा नेपालले मधेशको अधिकार, पहिचान, सुशासन तथा समृद्धिको एजेन्डालाई थप सशक्त बनाउन यस्ता संगठनात्मक कार्यक्रमलाई निरन्तरता दिंदै आएको जनाएको छ।

## जनकपुरधाम–५ मा प्रथम

# वडा स्तरीय क्रिकेट प्रतियोगिता सुरु



मधेशदृष्टि
जनकपुरधाम।
जनकपुरधाम उपमहानगरपालिका–५ को आयोजनामा प्रथम वडा स्तरीय क्रिकेट प्रतियोगिता–२०८३ आइतबारदेखि औपचारिक रूपमा सुरु भएको छ।

वडा नं. ५ का अध्यक्ष बेचन साहु हलुवाईको अध्यक्षतामा आयोजित उद्धाटन कार्यक्रममा नेपाल आभूषण महासंघ मधेश प्रदेशका अध्यक्ष पवन ठाकुर प्रमुख अतिथि तथा जनकपुरधाम उपमहानगरपालिकाका कार्यपालिका सदस्य राकेश विक्रम साह विशिष्ट अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा सञ्चारकर्मी, खेलप्रेमी तथा खेलाडीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

प्रतियोगिताको उद्घाटन गर्दै प्रमुख अतिथि ठाकुरले खेलकुद युवाको क्षमता विकास, अनुशासन र सामाजिक एकताको महत्वपूर्ण माध्यम भएको बताए। उनले स्थानीय तहमा आयोजना हुने यस्ता प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न तथा प्रतिभा पहिचान गर्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे।

विशिष्ट अतिथि साहले वडा स्तरमै क्रिकेट प्रतियोगिता आयोजना हुनु सकारात्मक पहल भएको बताउँदै यसले युवालाई सकारात्मक तथा सिर्जनात्मक गतिविधितर्फ उन्मुख गराउने विश्वास व्यक्त गरे । उनले स्थानीय सरकारले खेलकुद पूर्वाधार विकास र खेलकुद गतिविधिको विस्तारमा थप सक्रिय भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रमका अध्यक्ष तथा वडा अध्यक्ष बेचन साहु हलुवाईले वडा नं. ५ लाई खेलकुद गतिविधिको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको बताए । उनले प्रतियोगिताले स्थानीय युवामा प्रतिस्पर्धात्मक भावना, अनुशासन र खेल संस्कृतिको विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ व्यवस्थित र बृहत् रूपमा सञ्चालन गरिने प्रतिबद्धता जनाए । प्रतियोगितामा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ५, वडा नम्बर १२, वडा नम्बर ८, वडा नम्बर १४, वडा नम्बर २३ र वडा नम्बर १७को टिम सहभागी भएको।

प्रतियोगिताको विजेता टिमले २५ हजार राशीको पुरस्कार पाउनेछन् भने द्वितिय हुने टिमले १५ हजार राशीको पुरस्कार पाउने छन्।

# भैंसी गोठमा सुतिरहेका वृद्धको घाँटी रेटेर हत्या

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीमा भैंसी गोठमा सुतिरहेका एक वृद्धको धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ।

बसबरिया गाउँपालिका–१ मानपुर निवासी ५२ वर्षीय होशनारायण राय यादवको शनिबार मध्यराति हत्या भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

प्रहरीका अनुसार यादव आफ्नै भैंसी गोठमा सुतिरहेका बेला राति करिब १२ बजे अपरिचित व्यक्तिहरूको समूहले उनको घाँटीमा धारिलो हतियार प्रहार गरेको थियो । आक्रमणबाट गम्भीर घाइते भएका उनलाई परिवारका सदस्यले उपचारका लागि अस्पताल लैजाने प्रयास गरेका थिए। तर, बाटोमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ। घटनापछि शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको छ ।




हत्याको कारण तथा घटनामा संलग्न व्यक्तिहरूको पहिचान हालसम्म खुल्न नसकेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय बरहथवाका डीएसपी गोपीकृष्ण सुवेदीले घटनाबारे गहन अनुसन्धान सुरु गरिएको जानकारी दिएका छन् । उनका अनुसार घटनामा संलग्न व्यक्तिहरूको खोजी तथा पक्राउका लागि प्रहरी परिचालन गरिएको छ।

मृतकका जेठा छोरा सुवासकुमार यादवले आफ्ना बुबा सरल र शान्त स्वभावका व्यक्ति रहेको तथा कसैसँग कुनै प्रकारको व्यक्तिगत विवाद नरहेको बताए। उनले हत्याको कारणबारे परिवारसमेत अन्योलमा रहेको उल्लेख गरे।

घटनापछि स्थानीय क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको छ । प्रहरीले घटनाका सबै पक्षबाट अनुसन्धान अघि बढाएको र दोषीलाई कानुनी दायरामा ल्याउन प्रयास भइरहेको जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन